Annual Report
(2079/2080)







*"Do something Drastic,*
*Avoid the Plastic !!"*


**Terhathum Multiple Campus**
Aathrai-6, Chuhandada, Terhathum,
Koshi Province.
Email: info@temc.tu.edu.np
Website: temc.tu.edu.np


Annual Report (2079/2080)

वार्षिक प्रतिवेदन (२०७९ / २०८०)

त्रिभुवन विश्वविद्यालय

# तेह्रथुम बहुमुखी क्याम्पस

आठराई-६, चुहानडाँडा, तेह्रथुम

# वार्षिक प्रतिवेदन
# Annual Report

२०७९/२०८०



# वार्षिक प्रतिवेदन

# Annual Report

## (२०७९/२०८०)

त्रिभुवन विश्वविद्यालय

## तेह्रथुम बहुमुखी क्याम्पस

आठराई-६, चुहानडाँडा, तेह्रथुम

**प्रकाशकः तेह्रथुम बहुमुखी क्याम्पस, आठराई-६, चुहानडाँडा, तेह्रथुम ।**

**फोन नं. : ९८५२६६६६७०**

इमेल : **info@temc.tu.edu.np / chief@temc.tu.edu.np**

वेवसाइट : **www.temc.tu.edu.np**

सल्लाहकारः **श्री पोष्टराज लामिछाने, क्याम्पस प्रमुख**

वार्षिक प्रतिवेदन तयारी समिति

संयोजक : **श्री विशाल कार्की**

सदस्य : **श्री गणेश विमली**

सदस्य : **श्री योगेश काफ्ले**

कम्प्युटरः **श्री पूर्णकुमारी रोका**

प्रकाशित मिति : **वि.सं. २०८०/०३/२७**

## ACKNOWLEDGMENTS

We express our sincere gratitude to the following individuals and departments for their invaluable contributions to the Annual Report Preparation:

- All the esteemed faculties, Department heads, hostel wardens, library staff, and othervsection-organization heads, as well as the Terhathum Multiple Campus administration, for their prompt responses and providing essential information during the report's preparation.
- A special thank you to Mr. Postaraj Lamichhane, Campus Chief, for his unwavering support and valuable suggestions, which greatly enriched the content of the report.
- Our honest appreciation goes out to the dedicated teaching and non-teaching staff of the campus for their remarkable cooperation and responsiveness throughout the process.
- Valuable suggestions from experts are still appreciable!
- Last but not least, we extend our gratitude to all of this campus for their active participation and valuable inputs, enabling us to present a comprehensive and accurate report of the campus's achievements and progress. Without their involvement, this report would not have been possible.

**Annual Report Preparation Team:**

Coordinator:
Bishal Karki

Members:
Ganesh Bimali
Yogesh Kafle

# विषय सूची


| शीर्षक | पेज नं. |
|---|---|
| • तेह्रथुम बहुमुखी क्याम्पसको परिचय | १ |
| • क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा प्रतिवेदन | ८ |
| • पुस्तकालय शाखाको वार्षिक प्रतिवेदन | ११ |
| • महिला छात्रावासको प्रतिवेदन | १५ |
| • पुरूष छात्रवासको प्रतिवेदन | १८ |
| • **Research Management Committee (RMC)** | २० |
| • जनसंख्या विभागको वार्षिक प्रतिवेदन | २२ |
| • राजनीतिशास्त्र र गणित विभागको वार्षिक प्रतिवेदन | २५ |
| • नेपाली तथा अर्थशास्त्र विभागको वार्षिक प्रतिवेदन | २८ |
| • शिक्षण अभ्यास विभागको वार्षिक प्रतिवेदन | ३२ |
| • **Department of English: Annual Report** | ३८ |
| • त्रिवि प्राध्यापक संघ क्याम्पस एकाइ समितिः संक्षिप्त गतिविधि | ४१ |
| • **List of Campus Management Committee and Campus Executive Committee** | ४३ |
| • **Physical Infrastructure of TMC** | ४४ |
| • **Programs/Academic Development Trends:** | ४५ |
| • **Income and expenditure details (FY 2079/080)** | ४७ |
| • **Schoalrships Provided from the Campus:** | ४८ |
| • **Student Enrollment Details** | ५० |
| • **Organizational Chart of the Campus** | ५१ |
| • **Details of Teaching Staff and Administrative Staff** | ५२ |

# तेह्रथुम बहुमुखी क्याम्पसको परिचय

## १. ऐतिहासिक विकासक्रम

तेह्रथुम जिल्लाको उत्तर पश्चिम भागमा रहेको आठराई क्षेत्र यस जिल्लाकै विशिष्ट ऐतिहासिक, सांस्कृतिक, राजनैतिक एवम् शैक्षिक पहिचान बोकेको ठाउँ हो । सम्पूर्ण आठराईवासी एवम् स्थानीय शिक्षाप्रेमीहरूको पहलमा यस क्षेत्रको केन्द्रमा रहेको चुहानडाँडामा वि.सं. २०१७ साल जेष्ठ २१ गते यो क्याम्पसको स्थापना भएको हो । हालको तेह्रथुम बहुमुखी क्याम्पस पहिले वीरेन्द्र इन्टर कलेजको नामले परिचित थियो । भारतको दार्जिलिङ र वनारस गएर विद्याआर्जन गर्नुको सट्टा आफ्नै स्थानमा उच्च शिक्षा अध्ययन गर्ने संस्था खोल्न पाए आफ्नै गाउँठाउँको विकास हुन्छ भन्ने सोचको विकास भयो । जसको परिणाम स्वरुप आठराईको चुहानडाँडामा पदमप्रसाद उप्रेती, हरिचरण सिटौला, हरिप्रसाद थपलिया, लक्ष्मीप्रसाद उप्रेती, चन्द्रमान कन्दङ्वा, शिवकुमार श्रेष्ठ र लक्ष्मीप्रसाद थपलिया आदि अभिभावकहरूको सक्रियतामा र विशेष पदमप्रसाद उप्रेतीको अगुवाइमा वि.सं. २०१७ साल जेष्ठ १० गते धनकुटाको तात्कालीन बडाहाकिम मकरबहादुर वान्तवाद्वारा महाविद्यालय विरेन्द्र इन्टर कलेजको उद्धघाटन गराएर उच्च शिक्षा अध्ययन केन्द्रको रुपमा स्थापित भयो । कलेज सञ्चालनको लागि दार्जिलिङबाट अङ्ग्रेजी विषयमा एम्.ए.पासगरेका राजनारायण प्रधानलाई कलेजको प्रिन्सिपल बनाइएको थियो । वि.सं. २०१८ सालमा कलेजले अस्थायी स्वीकृति र वि.सं. २०२२ सालमा स्थायी स्वीकृति शिक्षा मन्त्रालयबाट पाएको थियो । विरेन्द्र इन्टर कलेज सुरुमा श्री शारदा हाइस्कुलको दुईवटा कोठाहरूप्रयोग गरी कक्षा सञ्चालन गरिएको थियो । वीरेन्द्र इन्टर कलेजलाई अझ व्यवस्थित गर्न एउटा भवन निर्माण गर्ने उद्देश्यले वि.सं. २०२५ साल वैशाख ४ गते बसेको व्यवस्थापन समितिको बैठकले चुहानडाँडाको उच्च टाहार भन्ने ठाउँमा श्रीप्रसाद सिंह खवास (भुजेल) को नाममा रहेको ५२–९–२ जग्गा विभिन्न स्थानमा चन्दा गरी उठाइएको १४७५२/– रुपैयाँमा खरिद गरिएको थियो । अनुमानित रु. १ लाख ४० हजारको योजना तर्जुमा गरी आधा रकम जनसहभागिताद्वारा र आधा रकम सरकारसँग माग गर्ने उद्देश्य राखेर एउटा क्याम्पस भवन निर्माण गर्ने योजना बनाएको थियो । २०२५ साल वैशाखमा श्री द्रोणाचार्य सिटौलाबाट भवनको शिलान्यास भई तात्कालीन श्री ५ को सरकारबाट प्राप्त रु. ३०,०००/– र अन्य रकम जनसहभागिताद्वारा ( रकम + श्रमदान जुटाएर) २०२६ असारको आसपास सम्ममा १५० फिट लम्बाइ र २३ फिट चौडाइ भएको दुई तले १६ कोठे खरको छानो भएको भवन निर्माण गरिएको थियो । २०२७ असारमा क्याम्पस व्यवस्थापन मितिको बैठकले कलेजको आफ्नै भवन तयार भईसकेकोले दिवा सत्रमा पढाइ हुने गरी यथाशीघ्र कलेजलाई आफ्नै नव निर्मित भवनमा स्थान्तरण गर्ने निर्णय गरेको थियो ।

शुरुमा वीरेन्द्र इन्टर कलेजको नामबाट स्थापित यो क्याम्पस वि.सं. २०२८ सालमा विविध कारणले गर्दा धनकुटा क्याम्पसमा गाभिन पुगेको थियो। पछि २०३३ सालमा कृषि क्याम्पसका लागि शिक्षा मन्त्रिबाट मौखिक स्वीकृति लिएको तर भौगोलिक कारणले गर्दा कृषि क्याम्पस हुन नसकेको र २०३५सालमा त्यसका ठाउँमा शिक्षकहरूलाई १० महिने तालिम दिनका लागि सुरुवात गरिएको यो संस्था २०३७ सालमा मानविकीतर्फ आई.ए. (

प्रविणता प्रमाण पत्र तह) पठनपाठनका लागि स्वीकृत भई तेह्रथुम क्याम्पसका नाममा रुपान्तरित हुन पुग्यो। २०४६ साल जेठ १९ गते स्नातक तह मानविकीतर्फ ( वी.ए.) का कक्षा सञ्चालन गर्न स्वीकृति पाएको र २०६३ कार्तिक २६ गतेदेखि तेह्रथुम बहुमुखी क्याम्पसको रुपमा रहेको छ । कोशी प्रदेशका पहाडी जिल्लाहरू तेह्रथुम, पाँचथर र ताप्लेजुङका विद्यार्थीहरूलाई उच्च र व्यवसायिक शिक्षा दिने उद्देश्य राखेर सीमित भौतिक सामग्री र मानवीय स्रोत साधनबाट सुरुवात भएको यो क्याम्पसमा हाल ३ वटा शिक्षण भवन, १ कार्यक्रम कक्ष, ३ प्रशासनिक र २ पुस्तकालय भवन, १० प्राध्यापक–कर्मचारी आवास गृह, २ छात्रावास भवन, ३ विश्राम गृह, १ स्व.वि.यु. भवन आदि भौतिक संरचनाहरू रहेका छन् । स्थानीय सचेत जनसमुदाय, शिक्षाप्रेमी, समाजसेवी, शुभचिन्तकहरू साथै लगनशील विद्यार्थीहरूको सक्रियतामा हालसम्म यस क्याम्पसले ठुलो संख्यामा सक्षम जनशक्ति र योग्य नागरिकहरू तयार पारेको छ । जसको माध्यमबाट विभिन्न व्यक्तिहरूले आफ्नो जीवनस्तर उकास्नुको साथै देश विकासमा समेत महत्त्वपूर्ण योगदान दिएका छन् ।

त्रि.वि. को आङ्गिक क्याम्पसको रुपमा मानविकीतर्फ चार वर्षे स्नातक (वी.ए.) र जनसङ्ख्या अध्ययन विषयमा स्नातकोत्तर एवम् शिक्षाशास्त्रतर्फ चार वर्षे वी.एड. र एक वर्षे वी.एड. को अध्ययन अध्यापन हुने यस क्याम्पसमा १८ जना प्राध्यापक, ८ जना कर्मचारी र ३०० विद्यार्थी रहेका छन् । मानविकीतर्फ अनिवार्य सहित ऐच्छिक विषयको रुपमा अङ्ग्रेजी, नेपाली, गणित, जनसङ्ख्या, राजनीतिशास्त्र, अर्थशास्त्र र इतिहास रहेका छन् भने शिक्षाशास्त्रतर्फ विशिष्टीकरण विषयको रुपमा चारवर्षे वी.एड.मा अङ्ग्रेजी, नेपाली, गणित र जनसङ्ख्या शिक्षा र एकवर्षे वी.एड.मा अङ्ग्रेजी, नेपाली, जनसङ्ख्या र स्वास्थ्य एवम् शारीरिक शिक्षा रहेका छन् । हाल स्नातक र स्नातकोत्तर तहको पढाइ हुने यो क्याम्पसमा सरकारी पक्ष, त्रि.वि., स्थानीय शुभचिन्तकहरूको सद्भाव र सहयोग पाएमा अझ गुणस्तरीयता थप्दै थप विषय र विभिन्न सङ्काय र विषयहरूको पढाइ सञ्चालन गरी उच्चस्तरीय जनशक्ति उत्पादन गरेर समाज एवम् राष्ट्र निर्माणमा योगदान गर्ने यस क्याम्पसको भावी लक्ष्य रहेको छ ।

यस क्याम्पसको नाममा वि.सं. २०२४ सालमा श्रीप्रसाद सिंह खवाससँग र २०४० सालमा टेकबहादुर खड्का तथा रत्नबहादुर डाँगीसँग थप जग्गा खरिद गरी हाल ९२ रोपनी ११ आना ३ पैसा (९२–११–३) जमिन क्याम्पस भएकै स्थानको सेरोफेरोमा भोग चलनमा रहेको छ ।

## २. क्याम्पसको दूरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goal) तथा उद्देश्यहरू (Objectives)

### Vision:

Tehrathum Multiple Campus is about-to take a leap towards academic Excellency.

**Mission:**

Tehrathum Multiple Campus attains in academic Excellency focuses teaching, learning, research and administration.

**Goal:**

To improve the quality of existing academic program, economic, physical infrastructure, institutional governance, human resource in teaching, learning and research.

**Objectives:**

- To digitalize and networking of administration and classroom
- To establishment e-library and RDI center
- To add market demandable academic program
- To build student friendly infrastructure
- To establish integrated software system
- To upgrade the journals as online journal
- To insure institutional governance
- To establish student support system and student welfare activities
- To develop skill and competent human resources
- To provide community support out teach program and dissemination

**३. क्याम्पसका प्रस्तावित नीति तथा कार्यक्रमहरू**

क्याम्पसको रणनीतिक योजनामा भौतिक एवं शैक्षिक पूर्वाधारको निर्माण र विस्तार, आर्थिक व्यवस्थापन, प्राज्ञिक एवं शैक्षिक कार्यक्रम–विस्तार र तिनमा समय सापेक्ष सुधार, परीक्षाप्रणालीमा सुधार, अनुसन्धानमा जोड, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र पहुँच, क्याम्पस/विभागले दिने छात्रवृत्तिमा समय सापेक्ष सुधार र विकेन्द्रीकरण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्ध विस्तार गर्दै उच्च शिक्षाको गुणस्तर सुनिश्चित गर्ने जस्ता विषयहरू समेटिएका छन्। तेह्रथुम क्याम्पसको नीति तथा कार्यक्रममा रहेका विषयहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- संस्थागत सुशासनलाई जोड दिने,

- क्याम्पसको आन्तरिक आयस्रोत बढाउने,
- क्याम्पसका सम्पूर्ण गतिविधिहरू सूचना प्रविधिमार्फत स्तरीय ढङ्गमा सार्वजनिक गर्ने,
- विषयगत थप पूर्णकालीन जनशक्तिको व्यवस्थापन मिलाउने प्रक्रियालाई अगाडि बढाउने,
- विद्यार्थी सहयोग प्रणाली (Student Support System) मा केन्द्रित भएर हरेक विभाग र विषयको अतिरिक्त क्रियाकलापको वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,
- विश्वविद्यालय अनुदान आयोगबाट आशयपत्र लिएर QAA को प्रक्रिया अघि बढाउने ,
- तोकिएको समयमा प्रवेशपरीक्षा, भर्ना, नियमित पठनपाठन र आन्तरिक परीक्षाको व्यवस्था गर्ने,
- शिक्षण तथा प्रशासनिक कार्यदक्षतामा सुधार गर्न क्याम्पसलाई प्रविधिमैत्री बनाउने,
- पारदर्शिता र मितव्ययिताको सिद्धान्तमा आधारित वार्षिक बजेटसहितको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,
- क्याम्पसको वार्षिकोत्सवमा हरेक वर्ष वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- कार्यक्षमता, लगनशीलता, दक्षता र प्रभावकारिताका आधारमा प्राध्यापक तथा कर्मचारीलाई सम्मान गर्ने,
- अनुसन्धान समितिलाई सक्रिय बनाउने,
- शिक्षक–कर्मचारी आवास, छात्रावास, भवन र खानेपानीको स्तरोन्नति गर्न स्रोतको खोजी गर्ने,
- आधुनिक साउण्ड सिस्टमसहितको सभाहल निमार्ण गर्ने,
- परीक्षा हललाई व्यवस्थित गर्ने,
- थप शैक्षिक कार्यक्रमको रुपमा ब्यवस्थापन संकाय (BBS) थप्न आवश्यक कार्य गर्ने,
- समतामा आधारित अनुदान प्राप्त गर्दाको सम्झौता अनुसारका थप कार्यहरुलाई निरन्तरता दिने।

## ४. क्याम्पसका सबल पक्षहरू

- शिक्षाशास्त्र सङ्कायतर्फ नयाँ र उपयोगी विषय ICT in Education को पठनपाठन हुने।
- विश्वविद्यालयद्वारा नियमित प्रदान गरिने छात्रवृत्तिका अतिरिक्त विभिन्न शिक्षाप्रेमी साथै अक्षयकोषदाता ज्यूहरुद्वारा स्थापना गरिएको ११ लाखभन्दा बढीको छात्रवृत्ति कोषबाट जेहेन्दार, लगनशील, गरिब एवम् दलित विद्यार्थीहरुलाई छात्रवृत्ति र निःशुल्कवृत्ति प्रत्येक वर्ष वितरण गरिने।
- सिकारुमैत्री, मनोरम, स्वच्छ शैक्षिक वातावरण रहेको।
- पुस्तकालयमा पर्याप्त स्रोत पुस्तकहरुको व्यवस्था भएको।

- विद्यार्थी स्वास्थ्य बिमाको व्यवस्था भएको।
- छात्राहरुलाई निःशुल्क Sanitary pad को व्यवस्था भएको।
- स्वच्छ पिउने पानीको व्यवस्था रहेको।
- नियमित अतिरिक्त क्रियाकलाप गराइने।
- उपयुक्त खेलकुदसामग्री र खेलमैदानको व्यवस्था रहेको ।
- इन्टरनेट र कम्प्युटर ल्याबको सुविधा रहेको,
- भौतिक पूर्वाधारका लागि यथेष्ट जग्गा भएको,
- क्याम्पसको आफ्नै जग्गामा शिक्षक, कर्मचारी र छात्रछात्राका लागि आवास सुविधा।

## ५. क्याम्पसका अवसरहरू

- तेह्रथुम क्याम्पस नेपालको सुदुर पूर्व क्षेत्रकै नेतृत्त्व लिन सक्ने भएकाले यसलाई शिक्षण सिकाईका अतिरिक्त तालिम तथा प्रशिक्षण केन्द्रका रुपमा विकास गर्न सकिने,
- दक्ष तथा अनुभवी प्राध्यापकहरू भएकाले विभिन्न क्षेत्रको अनुसन्धान गर्न सक्ने सम्भावना रहेको,
- स्थानीय तहसँग समन्वय गरी स्थानीय योजना तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उपलब्ध गराउन सक्ने सम्भावना रहेको।
- पर्याप्त छात्रवृत्तिहरु रहेकाले विद्यार्थीहरु सिकाईप्रति उत्प्रेरित हुने ,
- सिकाईमैत्री स्वच्छ वातावरणयुक्त स्थानमा क्याम्पस अवस्थित रहेको।

## ६. चालु आर्थिक वर्षमा क्याम्पसमा भएका विकास निर्माणका कार्यहरू

- शौचालय मर्मत सम्भार गरिएको,
- खेल मैदानको मर्मतसम्भार गरिएको,
- स्वच्छ खानेपानीको व्यवस्थापन गरिएको,
- फोहोर मैला व्यवस्थापन गर्न क्याम्पस परिसरमा स्डस्टविन राखिएको,
- क्याम्पसमा कार्यारत शिक्षक तथा कर्मचारीहरूका मोटरसाइकल पार्किङ स्थलको व्यवस्था गरिएको,
- क्याम्पसको खेल मैदान सुरक्षाका लागि पक्की गाह्रो निर्माण गरिएको।
- क्याम्पस परिसरमा फूलबारी, बगैंचा निर्माणको शुरुवात गरिएको।

## आगामी कार्ययोजना आ.व.२०८०/८१ का लागि प्रस्तावित कार्यक्रमहरू

क्याम्पसको रणनीतिक योजना अर्थात् निश्चित ध्येय, परिकल्पना, उद्देश्य र लक्ष्यका साथ हालै पाँच वर्षे रणनीतिक योजना (२०२३–२०२७) तर्जुमा गरी क्याम्पस व्यवस्थापन समितिबाट अनुमोदन गरिएको छ। गुणस्तरीय, वैज्ञानिक र जीवनोपयोगी उच्च शिक्षा प्रदान गर्ने लक्ष्यका साथ आगामी पाँच वर्षमा उच्च शैक्षिक प्रतिष्ठानका रुपमा विकसित गर्ने परिकल्पना (भिजन) लिएर अघि बढिरहेको यो क्याम्पसको पाँच वर्षे रणनीतिक योजनाअनुसार कार्यक्रमलाई क्रमशः पहिलो चरण (२०२३-२०२४), दोस्रो चरण (२०२५–२०२६) र तेस्रो चरण (२०२७) गरी तीन चरणमा सम्पन्न गर्ने योजना रहेको छ। तत्कालीन बजेट र प्राथमिकताको आधारमा उल्लेखित योजनाहरू सञ्चालन गरिने छ।

### अ. शैक्षिक कार्यक्रमहरूतर्फ

१. व्यवस्थापन सङ्कायतर्फ स्नातक तह (वी.वी.एस्.) थप गर्न प्रक्रिया अगाडि बढाउने,

२. वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन गर्ने,

३. अनुसन्धानमूलक जर्नल प्रकाशन गर्नुको साथै लघु अनुसन्धानलाई एउटा निश्चत मापदण्ड बनाएर सञ्चालन गर्ने,

४. UGC बाट QAA को लागि आशयपत्र लिएर गुणस्तरका लागि थप कार्यहरु गर्ने,

५. कक्षा सञ्चालन हुने कोठाहरूमा सि. सि. क्यामेरा र Interactive Board जडान गर्ने,

६. त्रि.वि. ले प्रदान गर्ने छात्रवृत्तिको अतिरिक्त छात्रवृत्तिलाई आगामी वर्षमा कम्तिमा २५ प्रतिशत विद्यार्थीलाई पूर्ण तथा आंशिक छात्रवृत्ति प्रदान गर्नका लागि अन्य थप दाताहरुको खोजी गर्ने,

७. हरेक तहमा Pre-board Examination सञ्चालन गर्ने र सर्वोत्कृष्ट १ जना विद्यार्थीलाई पुरस्कार, प्रोत्साहनको व्यवस्था गर्ने,

८. पेशागत दक्षता अभिवृद्धिको लागि शिक्षक तथा कर्मचारीलाई विभिन्न किसिमको तालिमको व्यवस्था गर्ने,

९. विद्यार्थी कल्याण शाखालाई सक्रिय र नियमित बनाउँदै विद्यार्थीका साहित्यिक, सांस्कृतिक प्रतिभाहरूको प्रस्फुटन गराउँदै उनीहरूलाई शैक्षिक,साँस्कृतिक, साहित्यिक तथा खेलकुद कार्यक्रमहरू सञ्चालन गर्न उत्प्रेरित गर्ने र तिनलाई नियमित सिकाईमा जोड्ने,

१०. शैक्षणिक कार्यक्रमलाई प्रविधि मैत्री बनाउँदै स्नातक र स्नातकोत्तरमा अनलाइन तथा भौतिक (Blended) कक्षा कार्यक्रम सञ्चालनमा ल्याइने छ।

११. Integrated Software को व्यवस्थापन गरी प्रशासनिक कार्यहरुलाई चुस्त दुरुस्त बनाउने।

## आ. भौतिक पूर्वाधारतर्फः

यस क्याम्पसमा तपशिल बमोजिमका भौतिक तथा पूर्वाधार निर्माणका कामहरू गर्नुपर्ने अत्यावश्यक छ तर स्रोतसाधनको अवस्था हेरी प्राथमिकताका आधारमा निम्नानुसारका कार्यहरू गर्दैजाने नीति क्याम्पसले लिएको छ :

- क्याम्पसको कम्पाउण्ड काललाई व्यवस्थित गर्ने,
- क्याम्पसको मूलगेट निर्माण गर्ने ,
- हाल भइरहेका खेल मैदानहरूलाई स्तरोन्नति गर्दै फुटबल, भलिवल, एथलेटिक्स लगायत विभिन्न खेलहरू सञ्चालन गर्ने,
- छात्रामैत्री र अपाङ्गमैत्री शौचालय थप गर्ने,
- व्यवस्थित पुस्तकालय र इ–पुस्तकालय निर्माण गर्ने,
- क्याम्पसको एउटा ब्लकबाट अर्को ब्लकसम्म जाने बाटो व्यवस्थित गर्ने,
- त्रि.वि. बाट प्राप्त अनुदानबाट आठकोठे शिक्षण भवन निर्माण गर्ने,
- कोशी प्रदेश सरकार र आठराई गाउँपालिकाको आर्थिक सहयोगमा चारकोठे प्रशासनिक भवन निर्माण गर्ने,
- वार्षिक रुपमा दुईवटा कक्षाकोठामा आधुनिक फर्निचर थप गर्दै जाने,
- महिला शौचालयमा Sanitary Pad with Vending Machine जडान गरी सञ्चालन गर्ने,
- क्याम्पस परिसरमा फूलबारी, Greenary garden निर्माण गर्ने,
- सोधपुछ तथा सहयोग कक्ष (Inquiry/Help Desk), Common room र प्राथमिक उपचार कक्षको स्थापना गरी सञ्चालन गर्ने,
- क्याम्पसको डकुमेन्ट्री निर्माण गरी प्रचार प्रसार र प्रदर्शन गर्ने,
- पुस्तकालयमा रहेका पाठ्यपुस्तक, सन्दर्भ पुस्तक लगायत सामग्रीहरुलाई Software मा Entry गर्ने ,
- खानेपानी ट्याङ्की पुननिर्माण गरी पाईपलाईन व्यवस्थित गर्ने,
- पुरुष एवम् महिला छात्रावासलाई मर्मत सम्भार, स्तरोन्नती गर्ने,
- क्याम्पस परिसरमा Street Solar Light जडान गर्ने ।

◆◆◆

# तेह्रथुम बहुमुखी क्याम्पस
# क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा प्रतिवेदन

-लोकेन्द्र सिटौला
क्याम्पस विद्यार्थी कल्याण विभाग प्रमुख

### क) अतिरिक्त क्रियाकलाप प्रतिवेदन २०७९।०८०

वि.सं. २०१७ सालमा वीरेन्द्र इन्टर कलेजको स्थापना भयो भने २०३५ सालमा तेह्रथुम क्याम्पसको रुपमा नामाकरण भएको हो। यो संस्था समयको क्रमसँगै वि.स. २०६३ देखि तेह्रथुम बहुमुखी क्याम्पसको रुपमा सञ्चालन हुँदै आइरहेको छ। यसको प्रमुखमा क्याम्पस प्रमुख रहने गर्छन् भने सहायक क्याम्पस प्रमुख सहयोगी हुने गर्छन्। त्यस्तै क्याम्पसमा विद्यार्थी कल्याण तथा खेलकुद शाखा पनि विद्यार्थीको हक हितको निमित्त विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले त्रि.वि. विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय सम्बन्धी कार्य व्यवस्थापन प्रणाली २०६७, को परिच्छेद ४ को उपदफा १ बमोजिम क्याम्पस विद्यार्थी कल्याण प्रमुखको व्यवस्था भएको छ। सोही व्यवस्था अन्तर्गत तेह्रथुम बहुमुखी क्याम्पसमा २०६९ असोज १२ देखि विधिवत रुपमा यो निकाय प्रमुखको व्यवस्था हुँदै आएको छ। क्याम्पस विद्यार्थी कल्याण शाखा प्रमुखको कार्यकाल २ वर्षको हुने गर्छ। यस निकाय अन्तर्गत विद्यार्थीहरूको हक हितको निमित्त सम्बन्धित क्याम्पस सम्बन्धी अनेकौँ गतिविधि लगायत घर परिवारमा देखिएका समस्या र अन्य जोखिमपूर्ण पक्षहरूमा समेत समन्वय गराउने गरी भूमिका खेल्ने गरेको छ। यस क्याम्पसको अतिरिक्त क्रियाकलाप अन्तर्गत खास गरी दुई प्रकारका क्रियाकलापहरू गराइने गरिन्छ जसमा Indoor र Outdoor रहेका छन्।

Indoor अन्तर्गत विद्यार्थीहरूको मानसिक क्षमतामा वृद्धि गर्ने उद्देश्यसँग सम्बन्धित वक्तृत्वकला, हाजिरी जवाफ, नृत्य, कविता वाचन जस्ता क्रियाकलापहरू पर्दछन् भने Outdoor अन्तर्गत उनीहरूको शरीर स्वस्थ राख्ने उद्देश्यले गरिने फुटबल, भलिबल, व्याडमिन्टन, टेबलटेनिस जस्ता खेलकुदका विषयहरू पर्दछन्। यसबाट सिकारुको मनस्थितिमा सुधार ल्याउनका लागि Indoor र Outdoor चाँहि शरीर स्वस्थ राख्ने विषयसँग सम्बन्धित पक्षसँग पर्दछ। यसबाट सिकाइ थप प्रभावकारी हुने कुरामा बल पुग्छ।

## सवल पक्ष

- यसले विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउने,
- क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने,
- विद्यार्थीहरूको सक्रियता बढाउने,
- सिकाइलाई थप उत्प्रेरित बनाउने,
- शारीरिक र मानसिक दुवै रुपले फइदा हुने।

## दुर्वल पक्ष

- यसले मनोरञ्जनलाई बढी प्रेरित गर्ने,

- पाठ्यपुस्तकको अध्ययनमा समयको कमी हुने,
- खेलकुदतर्फ बढी आर्कषित हुने,
- थकान महशुस हुने।

## अवसरहरू

- सामुहिक उत्तरदायित्वको भावना,
- क्षमता वृद्धि हुने सम्भावना,
- खेलकुदमा भागलिने अवसर,
- गीत, कविता, वक्तृत्वकला जस्ता विधामा भाग लिने अवसर,
- सिकाइलाई थप उर्जाशील बनाउन सकिने अवसर प्राप्त हुने सम्भावना।

## चुनौतीहरू

- सामाजिक मूल्य मान्यताले पार्ने प्रभाव,
- पारिवारिक एवम् आर्थिक स्थितिले पार्ने समस्या,
- व्यक्तिको आन्तरिक क्षमताले पार्ने प्रभाव।

### ख) छात्रवृत्ति छनौट समितिको वार्षिक प्रतिवेदन -२०७९।०८०

वि.सं. २०१७ सालमा वीरेन्द्र इन्टर कलेजको स्थापना भएसँगै वि.सं.२०३५ सालमा तेह्रथुम क्याम्पसको रुपमा नामाकरण भएको हो। समयको क्रमसँगै वि.सं. २०६३सालदेखि तेह्रथुम बहुमुखी क्याम्पसको रुपमा सञ्चालन हुँदै आइरहेको छ। यसको प्रमुखमा क्याम्पस प्रमुख रहने गर्छन् भने सहायक क्याम्पस प्रमुख सहयोगी हुने गर्छन्। त्यस्तै क्याम्पसमा विद्यार्थी कल्याण तथा खेलकुद शाखा पनि विद्यार्थीको हक हितको निमित्त विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले त्रि.वि. विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय सम्बन्धी कार्य, व्यवस्थापन प्रणाली २०६७ को परिच्छेद ४ को उपदफा १ बमोजिम क्याम्पस विद्यार्थी कल्याण प्रमुखको व्यवस्था भएको छ। सोही व्यवस्था अन्तर्गत तेह्रथुम बहुमुखी क्याम्पसमा २०६९ असोज १२ देखि विधिवत रुपमा यो निकाय प्रमुखको व्यवस्था हुँदै आएको छ। यिनको कार्याकाल २ वर्षको हुने गर्छ यस निकाय अन्तर्गत विद्यार्थीहरूको हक हितको निमित्त सम्बन्धित क्याम्पस सम्बन्धी अनेकौँ गतिविधि लगायत घर परिवारमा देखिएका समस्या र अन्य जोखिमपूर्ण पक्षहरूमा समेत समन्वय गराउने गरी भूमिका खेल्ने गरेको छ।

यस क्याम्पसको वि.सं.२०७९ असार २२ गते बसेको जेहनदार तथा निः शुल्क छात्रवृत्ति छनौट समितिको बैठकको निर्णयानुसार दाताहरूबाट प्रदान गरिने छात्रवृत्ति क्याम्पसको कोषमा रहेको र यो वी.ए. प्रथम, वी.एड.. प्रथम, तेस्रो र चौथो वर्ष र एम.ए. चौथो सेमेष्टर गरी जम्मा ९ जना विद्यार्थीहरूलाई छात्रवृत्ति पास गरियो। त्यस्तै गरी जेहनदार तथा अर्ध निःशुल्क छात्रवृत्ति वी.ए. प्रथम वर्षमा अध्ययन गर्ने ४ जना विद्यार्थीहरूलाई प्रदान गरियो , जसमध्ये १ छात्र र १ छात्रालाई जेहनदार र बाँकी २ जना त्यो भन्दा कम नम्बर प्राप्त गर्ने विद्यार्थीलाई ५० प्रतिशत छात्रवृत्ति प्रदान गरियो। त्यस्तै गरी २५ प्रतिशत निः शुल्क छात्रवृत्ति ११ जना विद्यार्थीहरूले प्राप्त गर्न सफल भए।

निःशुल्क छात्रवृत्ति वी.ए. तेस्रो वर्षको अर्ध निःशुल्क (५० प्रतिशत) १ जना वद्यार्थीले प्राप्त गरे भने जेहनदार तथा निःशुल्क छात्रवृत्ति वी.एड. प्रथम वर्षका २ विद्यार्थी छात्र र छात्रालाई प्रदान गरियो भने यही तहकै ९ जना विद्यार्थीहरूलाई ५० प्रतिशत निःशुल्क र १८ जना विद्यार्थीहरूलाई २५ प्रतिशत निःशुल्क छात्रवृत्ति प्रदान गरियो। यसै गरी वी.एड. तेस्रो वर्षका १ छात्रा र १ छात्रलाई जेहनदार तथा निःशुल्क छात्रवृत्ति प्रदान गरियो भने यही तहकै ३ जना विद्यार्थीहरूले ५० प्रतिशत निःशुल्क छात्रवृत्रि प्राप्त गरे। त्यस्तै वी.एड. चौँथो वर्षका १ छात्र र १ छात्रालाई जेहनदार तथा निःशुल्क छात्रवृत्ति प्रदान गरियो भने अर्ध निःशुल्क छात्रवृत्ति १ जनाले मात्र प्राप्त गरेको स्थिति रहेको छ । २५ प्रतिशत छात्रवृत्ति ३ जना विद्यार्थीहरूले प्राप्त गर्न सफल भए। दाताहरूबाट वी.एड. तेस्रो र चौँथो एवम् एम.ए. प्रथम र दोस्रो सेमेष्टरका ५ जना विद्यार्थीहरूले प्राप्त गरे।

यसका अलवा आठराई गाउँपालिका तेह्रथुमले दलित समुदायबाट अध्ययन गर्ने विद्यार्थीहरूको विवरण मागेबमोजिम मिति २०८० असार १३ को पत्रानुसार यस क्याम्पसबाट यो समुदायका जम्मा १४ जना विद्यार्थीहरूको नामावली विवरण पठाइएको र स्थानीय सरकारले यो समुदायका विद्यार्थीहरूलाई अध्ययनार्थ आर्थिक सहयोग गर्ने लक्ष्य राखेको बुझ्न आएकोले यो विवरणलाई पनि यो प्रतिवेदनमा उल्लेख गरिएको छ।

## क) छात्रावास

१. यस क्याम्पसमा महिला छात्रावास पुरुष छात्रावास सञ्चालनमा रहेका,

२. पुरुष छात्रवासमा ३२ जनाको क्षमता रहेकामा हाल ७ जना बसिरहेका,

३. महिला छात्रावासमा ३२ जनाको क्षमता रहेकामा र हाल १५ जना बसिरहेका,

४. दुर्गम, आर्थिक रुपमा कमजोर, विपन्न विद्यार्थीलाई विशेष ग्राहयता दिने तथा अन्य आवेदकहरूको शैक्षिक योग्यतासमेतको मूल्याङ्कन गरी योग्यताक्रमका आधारमा न्यायोचित तवरले छात्रावासमा बसोबास गर्न दिने गरिएको ।

## ख) छात्रवृत्ति

१. स्नातक तथा स्तानकोत्तर तहमा अध्ययनरत नियमित तथा जेहनदार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति प्रदान गरिँदै आएको,

२. स्नातक तह (नियमित) मा नेपाल सरकारले निर्धारण गरेबमोजिम कुल भर्नादरको २० प्रतिशत विद्यार्थीहरूलाई निःशुल्क छात्रवृत्ति प्रदान गरिँदै आएको,

३. हरेक सङ्कायबाट सर्वोत्कृष्ट एक जना छात्र र एक जना छात्रालाई जेहन्दार छात्रवृत्ति प्रदान गर्ने गरिएको,

४. स्वास्थ्य बीमाका लागि शाखाबाट सिफारिस दिएर सेवा प्राप्त गर्ने व्यवस्था मिलाइएको।

◆◆◆

# तेह्रथुम बहुमुखी क्याम्पस
# पुस्तकालय शाखाको वार्षिक प्रतिवेदन, २०७९/०८०

-अम्विकादेवी चुडाल
मुख्य कार्यालय सहायक,
पुस्तकालय शाखा

## पृष्ठभूमि

त्रिभुवन विश्वविद्यालयका ६२ वटा आङ्गिक क्याम्पसहरूमध्ये पूर्वी नेपालको तेह्रथुम जिल्ला आठराई चुहानडाँडामा उच्च शिक्षाको विजारोपण गर्न २०१७ साल जेष्ठ २१ गते वीरेन्द्र इन्टर कलेजको नामबाट स्थापना भई २०३० साल असार मसान्तसम्म शारदा मा.वि. चुहानडाँडाको शैक्षिक भवनका केही कोठाहरूमा प्रातःकालमा प्रविणता प्रमाण पत्र तहको पढाइ सञ्चालन भएको थियो। कलेजको स्थापनाकालसँगै अध्ययन, अध्यापन र अनुसन्धान गर्न शिक्षक, विद्यार्थी र कर्मचारीहरूलाई पुस्तकालयको आवश्यकता परेतापनि तात्कालीन समयमा विद्यार्थी संख्या कम, आर्थिक अवस्था तथा भौतिक संरचना न्यून भएको कारणले पुस्तकालयका छुटै व्यवस्था नगरी क्याम्पस प्रशासनको कक्षबाटै विद्यार्थीहरूलाई पुस्तक उपलब्ध गराइन्थ्यो। त्यस समयमा पनि क्याम्पस प्रशासनको कक्षबाट नै पुस्तक लिनेदिने कार्य भएको थियो। पछि शैक्षिक संस्थाको लागि अध्यय र चिन्तन मनन गर्ने मुख्य केन्द्र शैक्षिक पुस्तकालय ठानी शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने दाता श्री सिताराम प्रसाईँद्वारा वि.स. २०४७ सालामा निर्मित भानुलाल हरिलाल स्मृति पुस्तकालय ३ कोठे भवनबाट पुस्तकालयमा कारोबार सञ्चालन भइरहेको छ। क्याम्पस परिवार दाताहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छ। त्यसैगरी वि.स.२०६८ मा भक्तराज पुस्तकालय भवन समेत निर्माण भएको छ। उक्त पुस्तकालयमा पाठ्यक्रम बाहेकका पुस्तकहरू मात्र रहेकाले त्यसलाई व्यवस्थित गरी सञ्चालन गर्न सकिएको छैन। तेह्रथुम बहुमुखी क्याम्पस पुस्तकालय निर्देशिका – २०७९ अनुसार तेह्रथुम बहुमुखी क्याम्पस सञ्चालन व्यावस्थापन र विकास गर्न पुस्तकालय व्यवस्थापन तथा विकास समिति गठन गर्न वान्छनीय भएकोले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बधी नियम २०५०( २०७३।०९।२० सम्मको संसोधन सहितको ) परिच्छेद १० नियम ४४ ले दिएको अधिकार प्रयोग गरी यस क्याम्पसले निर्देशिका बनाई कार्यान्वयमा ल्याएको छ। हाल यस पुस्तकालय शाखामा तपशिलका कर्मचारीबाट पुस्तकालयको सेवा कार्यक्रम सञ्चालन भइरहेको छ।

१. अम्विकादेवी चुडाल (मुख्य कार्यालय सहायक)

२. महेन्द्र थपलिया (कार्यालय सहायक)

तेह्रथुम बहुमुखी क्याम्पस पुस्तकालय व्यवस्थापन तथा विकास समिति –२०७९ तपशिलबमोजिम रहेको छ।

१) संयोजक – श्री गोविन्दकुमार सुवेदी – विभागीय प्रमुख,
२) सदस्य– श्री मनोजकुमार चौधरी – शिक्षक प्रतिनिधि,
३ ) सदस्य– श्री जीवन पौडेल – शिक्षक प्रतिनिधि,
४) सदस्य– श्री गणेश विमली – प्राध्यापक सङ्घ सभापति,
५) सदस्य– श्री नारद आङबुहाङ –प्रशासन प्रमुख,
६) सदस्य– श्री लक्ष्मीप्रसाद तिवारी –लेखा शाखा प्रमुख
७) सदस्य–सचिव– श्री अम्विकादेवी चुडाल – पुस्तकालय शाखा प्रमुख

## पुस्तकालय संचालन सम्बन्धी नियमहरू:

(१) पुस्तकालयमा १०.३० बजेदेखि ३.३० बजेसम्म पुस्तक लेनदेन हुनेछ।

(२) विद्यार्थी, शिक्षक र कर्मचारी यस पुस्तकालयको सदस्य हुनेछन।

(३) सदस्य कार्ड बनाई आधिकारिक रुपमा दर्ता गरेपछि मात्र पुस्तक पाइने छ।

(४) विद्यार्थीहरूलाई एक पटकमा २ वटा पुस्तक १५ दिनको लागि प्रयोग गर्न दिइने छ। १५ दिनभित्र नबुझाएमा दिनको रु. १ का दरले विलम्ब शुल्क तिर्नु पर्ने व्यवस्था छ।

(५) सदस्यहरूले लगेको पुस्तकहरू च्यातिएमा वा हराएमा नयाँ पुस्तक ल्याउनु पर्ने वा पुस्तक नल्याएमा डब्बल दस्तुर तिनुपर्ने छ।

(६) पुस्तकालयको हाताभित्र धुम्रपान साथै खराब शब्द बोल्न र लेख्न मनाही छ।

यसरी पुस्तकालय सञ्चालन गर्ने क्रममा साह्रोगाह्रो दुवैलाई सहज बनाउँदै मुस्कान सहितको सेवा दिने बानीको विकास गर्दै पुस्तकालय सञ्चालन भएको छ। तेह्रथुम बहुमुखी क्याम्पसको पुस्तकालयमा हाल तपशिल बमोजिम पुस्तक, पत्रपत्रिका साथै भौतिक सामग्रीहरू मौजुदा अवस्था रहेको छन्।

## पुस्तकालयका पुस्तक तथा पत्रपत्रिकाहरू मौजुदा अवस्था

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | पुस्तक संख्या | ९८४१ | ९८४१ पुस्तकमध्ये ८२७ थान पुस्तक धमिरा माउ किराबाट नष्ट |
| २ | आ.व.२०७९।०८० मा खरिद गरी दर्ता भएका पुस्तक संख्या | ८४ थान | |
| ३ | २०७९।०८० मा उपहारबाट प्रप्त पुस्तक संख्या | ९६ थान | |
| ४ | प्रणयन वर्ष १(२०५५) अंक १<br>प्रणयन वर्ष २(२०५६)अंक २<br>प्रणयन वर्ष ५(२०५९)अंक ३<br>प्रणयन वर्ष १२(२०७०)अंक ४<br>प्रणयन वर्ष १६(२०७४)अंक ५<br>प्रणयन वर्ष २१(२०७९)अंक ६ | २५ थान | त्रि.वि. प्राध्यापक संघ एकाइ समिति तेह्रथुम बहुमुखी क्याम्पस |
| ५ | आठराई आवाज (२०६६) | १३ थान | ने.प्र.प्रा.संगठन इ.स., तेह्रथुम बहुमुखी क्याम्पस |
| ६ | साहित्यक पत्रिका B.A 3rd | ४६थान | |
| ७ | प्रतिवेदन B.Ed. 2nd | १३३ थान | |
| ८ | T.M.C. Research Journal (2018) Vol.1 | २३ थान | |
| ९ | T.M.C. Research Journal (2019) Vol. 2 | १३ थान | |
| १० | स्नातकोत्तर थेसिस | १० थान | |
| ११ | कान्तिपुर दैनिक पत्रिका | | २०५७ जेठ देखि आएका २०७१ सालमा बन्द भएको |

| | | | |
|---|---|---|---|
| १२ | गोरखापत्र | | २०५९।०४। देखि २०७७।११ सम्म आएको |
| १३ | आलेख | ५० थान | निरन्तर |
| १४ | प्रलेस | ३० थान | निरन्तर |
| १५ | ब्लाष्ट | १०० थान | |
| १६ | स्मारिका (स्वर्णमहोत्सव, २०६८ ) | ३० थान | |
| १७ | अन्य पत्रपत्रिकाहरू | २०० थान | |

**सवल पक्षहरू**

१) भानुलाल हरिलाल स्मृति पुस्तकालय भवन निर्माण भएकाले पुस्तक, पत्रपत्रिका र अन्य सामग्रीहरू व्यवस्थित हुनु,

२) पुस्तकालय नियम वोर्डको व्यवस्थापन भएकाले सदस्य बनेका विद्यार्थी तथा अन्य पाठकहरूलाई सहज हुनु,

३) पुस्तकालय शाखा मर्मत हुनु,

४) तेह्रथुम बहुमुखी क्याम्पस पुस्तकालय निर्देशिका – २०७९ कार्यान्वयन भएसँगै पुस्तकालयका जटिलताहरू न्यूनीकरण हुँदै जानु,

५) पहिला भन्दा पुस्तक संख्या थपिनु।

**दुर्वल पक्षहरू**

१) पुस्तकालय भवन पूरानो ढाँचाको  र ऱ्याक दराज साथै अन्य भौतिक सामग्री पूराना भएको कारण समय अनुसार पुस्तकालय व्यवस्थित नहुनु,

२) नियम वोर्डको व्यवस्था भए पनि विद्यार्थीहरूले नियम नपढ्ने बानीले पुस्तक केरमेट र पाना च्यात्ने जस्ता लार्पवाही बढ्नु,

३) पूराना पुस्तक धेरै र ऱ्याक दराज कम भएकाले पूराना पुस्तक अव्यस्थित हुनु,

४) केही पुस्तकमा धमिरा र माउ किराबाट नष्ट अवस्थामा पुग्नु,

५) तेह्रथुम बहुमुखी क्याम्पस पुस्तकालय निर्देशिका – २०७९ कार्यन्वयन भएपनि इ–पुस्तकालय सञ्चालन नभएकाले कर्मचारीहरूलाई काम गर्न बोझिलो भई प्रत्यक्ष प्रभाव पुस्तकालय सदस्यहरूलाई पर्नु,

६) छुट्टै वाईफाई र कम्प्यूटरको व्यवस्था नहुनु,

७) समय समयमा पाठयक्रम परिवर्तन भइरहने र परिवर्तित पाठ्यपुस्तक समयमा उपलब्ध नहुनाले पुस्तकालयप्रति पाठकको रुचि घट्नु,

८) क्याम्पस सेरोफेरोमा पुस्तक पसल नहुनाले खोजेको पुस्तक वा सामग्री समयमा प्राप्त गर्न नसक्नु,

९) पूराना केही विद्यार्थीहरूले पुस्तक नबुझाएकाले बाँकी कार्ड मात्र रहनु।

## बैठक र तालिम

पुस्तकालय व्यवस्थापन तथा विकास समिति २०७९ को बैठक विभागीय प्रमुख श्री गोविन्दकुमार सुवेदीको संयोजकत्वमा आ.व. २०७९/०८० मा ४ वटा बैठक बसेको थियो। पुस्तकालय सम्बन्धी तालिम मिति विं.स.२०७५ सालमा बुटवल क्याम्पसमा केन्द्र पारी पुस्तकालय सम्बन्धी समन्वय महाशाखाद्वारा आयोजना गरेको ८ दिन तालिममा सहभागी हुनाले थप ज्ञान भएको र पुस्तकालय सञ्चालनमा निकै सहयोग भएको अनुभव भयो, त्यस्तै २०७९ मा समन्वय महाशाखाद्वारा आयोजित गुगल मिटबाट लिएको तालिमले केही राहत मिल्यो। प्रशासन सम्बन्धी तालिम मिति २०८०।०२।१० देखि १८ गतेसम्मको ८ दिने तालिम हात्तिसार क्याम्पस धरानमा सहभागी हुनाले काम गर्न सहज भएको छ। यस्ता तालिम बैठकमा समयसमयमा भई सहभागी गराउन सकेमा कर्मचारीहरूको क्षमता विकास र संस्थाको मुहार परिवर्तन हुन सक्नेछ।

## निष्कर्ष

तेहथुम बहुमुखी क्याम्पस २०१७ सालमा स्थापना भएको ऐतिहासिक संस्था हो। सुरुमा विद्यार्थीका शैक्षिक समस्यालाई सामान्य रुपमा काम चलाउ गर्न प्रशासनको कक्षबाटै पुस्तक उपलब्ध गराउदै आएतापनि विधिवत रुपमा वि.स. २०४७ सालमा छुट्टै पुस्तकालय भवन निर्माण भएकाले त्यस पछाडि मात्र पुस्तकालय सदस्यलाई सेवा दिँदै आएको छ। समयको विकासक्रमसँगै पाठक्रम परिवर्तन भइराख्ने र पुस्तक थप गर्दै जाँदा पूराना पुस्तक र पत्रिकाहरूको थुप्रो बड्दै जानु, आधुनिक भवन, र ऱ्याक दराज जस्ता विभिन्न भौतिक सामग्रीहरूको अभाव हुनु र प्रविधि मैत्री पुस्तकालयको व्यवस्था हुन नसकेकोले पाठक वर्गहरूमा उत्साहको सट्टा नैराश्यता पैदा भएको अवस्था देखिन्छ। पुस्तकालय कर्मचारीका तालिम र विद्यार्थीहरूका लागि प्रत्येक वर्ष पुस्तकालय दिवस (भदौ १५)का दिन अतिरिक्त क्रियाकलाप गराउने साथै पाठक वर्गहरूको शैक्षिक मनोबल उच्च राख्न नयाँ भौतिक सामग्रीहरू निर्माण गरी इ–पुस्तकालयको व्यवस्था गर्नु पर्ने टड्कारो आवश्यक छ। यसरी पाठ्यक्रम अनुसारका पुस्तक छिटो छरितो तवरबाट उपलब्ध गराउने र माथिका आवश्यक बुँदाहरू अध्ययन मनन गरी व्यवस्था मिलाउने आदि भावी कार्यक्रमहरू रहेका हुनाले आगामी दिनको तेह्रथुम बहुमुखी क्याम्पसको पुस्तकालयले पक्कै मुहार फेर्ने कुरामा विश्वस्त दिलाउन चाहन्छौं।

◆◆◆

# तेह्रथुम बहुमुखी क्याम्पस
# महिला छात्रावासको प्रतिवेदन, २०७९।०८०

-धर्मराज गौतम
होस्टल वार्डेन, महिला छात्रावास

## परिचय

सम्पूर्ण आठराईबासी एवम् स्थानीय शिक्षाप्रेमीको पहलमा यस क्षेत्रको केन्द्रमा रहेको चुहानडाँडामा विक्रम संवत् २०१७ साल जेठ २१ गते सीमित भौतिक सामग्री र मानवीय श्रोत साधनबाट सुरुवात भएको यो क्याम्पसमा रहेका दुईवटा छात्रावास मध्ये एउटा महिला छात्रावास पनि रहेको छ। कुल ३२ जना छात्रा बस्न मिल्ने गरी निर्माण गरिएको यस महिला छात्रावासमा जम्मा ८ वटा कोठा रहेका छन्। प्रत्येक कोठामा ४ वटा खाट र २ वटा टेबलको व्यवस्था गरिएको छ। छात्रावासमा बस्ने प्रत्येक विद्यार्थीलाई थाल, बटुका र गिलास १/१ थान उपलब्ध गराइएको छ। हाल छात्रावासमा १५ जना विद्यार्थी बसोबास गर्दै आएका छन् । प्रति विद्यार्थीबाट शुल्कवापत वार्षिक रु.१५० र धरौटीवापत रु.२०० लिने गरिएको छ। अध्ययन पूरा भएका विद्यार्थीले उनीहरूले लिएका सामान फिर्ता गरी धरौटी वापतको रकम फिर्ता लिने चलन छ।

प्रत्येक कोठामा ४/४ जना बस्न मिल्ने गरी तयार पारिएको यो भवनको निर्माण स्थानीय शिक्षाप्रेमी लक्ष्मीप्रसाद उप्रेती, पार्वतीरमण, डा. शंकर उप्रेती र डा. वेदप्रकाश उप्रेतीले निर्माण गरिदिएका हुन्। स्वर्गीय पिता मेदनीप्रसाद उप्रेती र माता स्वर्गीय टीकादेवी उप्रेतीको पुण्य स्मृतिमा ३ छोराहरू लक्ष्मीप्रसाद, पार्वतीरमण र डा. शंकर उप्रेती साथै नाति वेदप्रकाश उप्रेतीको २,००,०००। (अक्षररुपी दुई लाख) रुपैयाँको लगानीमा यो भवन निर्माण भएको हो। यो भवन २०४८ सालदेखि निर्माण थालेर २०४९ वैशाख २७ गते तात्कालीन नेपाल सरकारका प्रधानमन्त्री स्व.गिरिजाप्रसाद कोइराला यस क्याम्पसमा आएको बखत यस छात्रावासको समुद्घाटन भएको र त्यसैदिन तेह्रथुम बहुमुखी क्याम्पसलाई हस्तान्तरण गरिएको थियो। यस छात्रावासमा खान पकाउनका लागि भिन्नै कच्ची भान्साघर पनि रहेको छ। सुरु सुरुमा यस छात्रावासमा खाना बनाईदिनका लागि क्याम्पसले एक जना महिला कर्मचारीलाई भान्सेमा खटाउने गरेकोमा अहिले विद्यार्थी आफैँ खाना बनाएर खाने गर्दछन्। पहिले–पहिले दाउराको भरमा खाना बनाउनु पर्नेमा हाल क्याम्पसले सिलिण्डर ग्याँस चुलो उपलब्ध गराएको छ। २०४९ देखि २०६५ सम्म टुकी /लालटिनको सहारामा पढ्नु पर्ने वातावरण रहेको यस छात्रावासमा २०६५/०६६ सालदेखि माननीय सुशीला कन्दङ्वा (क. बर्षा) को पहलमा सोलार पाता/ बत्ती जडान गरिएको थियो। तर १५/१६ वर्ष भएकोले अहिले सोलार बत्ती नाम मात्रको रहेको छ। यसका सट्टामा केन्द्रीय प्रसारणबाट विद्युत जडान गरिएको छ। यस छात्रावासको वरीपरी ढुङ्गमाटाको गाह्रो लगाएर कम्पाउण्ड सुरक्षित गर्न खोजिए तापनि भने जस्तो सुरक्षित देखिँदैन। यसका लागि गाह्रोको माथिबाट काँडेतार हुनु आवश्यक छ। खानेपानी तथा चर्पीको उचित व्यवस्था रहेको यस छात्रावासमा पढ्नका लागि राम्रो वातावरण रहेको छ। वरिपरि शान्त वातावरण, धूपी सल्लाको सुसेलीको आवाज र हरियाली वातावरणले पढुँ पढुँ लाग्ने वातावरणमा निर्मित यो भवन निर्माण गरिदिनु हुने दाताप्रति तेह्रथुम बहुमुखी क्याम्पस हार्दिक कृतज्ञता ज्ञापन गर्दछ।

## क्रियाकलाप

यस छात्रावासमा बस्ने छात्राहरू सौहार्द्धपूर्ण वातावरणमा बस्ने, पढ्ने र हामी एकाघरका परिवार हौँ भन्ने भावना रहेको छ। यो छात्रावासको रेखदेख, समस्या आदि बुझ्नका लागि क्याम्पसबाट होस्टल वार्डेनको व्यवस्था गरेको छ। विद्यार्थीका समस्याहरूमध्ये सानातिना समस्या विद्यार्थी आफैले समाधान गर्ने प्रयास गर्दछन् भने विद्यार्थी

पहुँचभन्दा माथिका समस्या आएमा होस्टल व्यवस्थापन समितिको बैठकबाट होस्टल वार्डेनलाई समस्या जाहेर गर्दछन् र होस्टल वार्डेनले क्याम्पस प्रशासन समक्ष ती कुराहरू उठाउने गरेको पाइन्छ। यसका अतिरिक्त क्याम्पसभित्र हुने विद्यार्थीका कार्यक्रम (जस्तैः श्रीपञ्चमी, स्वागत, विदाई) आदि हुँदा त्यहीँबाट प्रसाद, चिया नास्ता बनाउने र त्यसमा विद्यार्थीहरू नै आफू सक्रिय हुन्छन्। यसबाट म को भावना हटेर हामीको भावना विकसित भएको पाइन्छ। यो राम्रो पक्ष हो  यसका अतिरिक्त होस्टल भित्रै पनि अन्ताक्षरीका कार्यक्रम, हिज्जेका कार्यक्रम, हाजिरीजवाफ जस्ता कार्यक्रमहरू पनि समय समयमा हुने गरेको पाइन्छ।

## बैठक

महिला छात्रावासको सञ्चालनका लागि छात्रावासमा बस्ने विद्यार्थी भित्रैबाट एउटा समिति निर्माण गरिएको छ। जसले छात्रावासभित्र रहेका समस्याको समाधान निकाल्ने प्रयास गर्दछन् र आवश्यकताअनुसार समय समयमा बैठक बस्ने गर्दछन्। आफूद्वारा समाधान हुने विषयवस्तु विद्यार्थी माफबाटै सम्पन्न गर्दछन् भने आफूबाट समाधान हुन नसकेको विषयवस्तुका बारेमा होस्टल वार्डेनलाई रिपोर्ट गर्दछन् भने होस्टल वार्डेनले क्याम्पस प्रशासनसमक्ष ती समस्या जाहेर गरी समाधानका उपाय अवलम्बन गर्न पहल गर्ने गरिन्छ। छात्रावासमा बस्ने विद्यार्थीहरूबाट बनेको समिति निम्नानुसार रहेको छ :

| | |
|---|---|
| १. रीना घतानी | अध्यक्ष |
| २. नवीना घिमिरे | सदस्य |
| ३. सञ्जु कालिकोटे | सदस्य |
| ४. विमला गुरुङ | सदस्य |
| ५. माधवा नेपाली | सदस्य |
| ६. दुर्गा कार्की | सदस्य |
| ७. मेनुका विष्ट | सदस्य |

## आचारसंहिता निर्माण

होस्टल सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आचारसंहिता निर्माण गरिएको छ। आचारसंहिता लागू गर्नका लागि छात्रावासभित्र बस्ने बिद्यार्थीहरूमध्येबाट एउटा स्वतन्त्र समिति निर्माण गरिएको छ र त्यो समितिले निर्माण गरेको आचारसंहितामा सम्पूर्ण विद्यार्थी सहमत हुने गरेका छन्। होस्टल बस्ने विद्यार्थीहरूका लागि छात्राहरूले पालना गर्नुपर्ने नियम भनेर होडिङ बोर्ड नै छात्रावासभित्र टाँगिएको छ।

## सवल पक्षहरू

क) यस छात्रवासमा ३२ जना विद्यार्थीहरू बस्ने क्षमता भएकोले ३२ जना विद्यार्थीका लागि अन्यत्र डेरा खोज्नु नपर्ने,

ख) शान्त, मनोरम दृष्य, स्वच्छ कोलाहलरहित वातावरणमा पढ्न पाउनु,

ग) खानेपानी, वाथरुम र शौचालय आदिको उचित व्यवस्थापन हुनु,

घ) बिजुली बत्तीको व्यवस्था हुनु,

ङ) बगैँचाको व्यवस्था नहुनु।

## ६. कमजोर पक्षहरू

क) ३२ जना विद्यार्थीहरू बस्ने क्षमता भएको यस क्याम्पसको भवन जीर्ण बन्दै जानु,

ख) कम्पाउण्ड लगाइएतापनि काँडेतारको प्रयोग नभएकाले छात्रा सुरक्षित महसुस गर्न नसक्नु,

ग) बार्दलीहरूमा रङ्ग रोगन नहुनु,

घ) मूल गेटको ढोका कच्ची हुनु,

ङ) महिलामैत्री आधुनिक शौचालय नहुनु,

च) प्याडका पोकाहरू स्टोरमा थन्किएको तर होस्टलमा नराखिनु,

छ) वरिपरि अम्रिसो घारी, काँडा घारी र बाँसको उचित व्यवस्थापन हुन नसक्नु,

ज) महिला वार्डेन नहुनु,

झ) बिजुली बत्ती नियमित नहुनु साथै सोलारले पनि काम नगर्नु,

## ७. भावी योजना

यस छात्रावासलाई अझ व्यवस्थित, उपयुक्त वातावरण निर्माण गर्नका लागि निम्न कार्य अगाडि बढाउने भावी योजना रहेका छन्:

१. जीर्ण  भवन तथा पर्खालहरूको मर्मत सम्भार गर्ने,

२. कम्पाउण्ड वालको माथिबाट काँडेतार बार लगाउने,

३. अम्रिसो तथा काँडा उखलेर विभिन्न प्रजातिका फूलहरू लगाउने,

४. महिलामैत्री शौचालय वाथरुम र खानेपानीको धारा निर्माण गर्ने,

५. महिला वार्डेन राख्न पहल गर्ने साथै महिला वार्डेन बस्नका लागि होस्टल भित्रै व्यवस्था गर्ने,

६. अहिले गरेका भन्दा अन्य धेरै अतिरिक्त क्रियाकलाप गराउन पहल गर्ने,

७. छात्राहरूमा हामी धेरै सुरक्षित छौं भन्ने भावनाको विकास गराउन उचित वातावरण निर्माण गर्ने,

८. बिजुली बत्तीको दीर्घकालीन उपायको खोजी गर्ने ,

९) छात्रावास वरिपरि विभिन्न प्रजातीका फलफूलका बिरुवा लगाई बगैँचा निर्माण गर्ने

१०) दैनिक अध्ययन कार्यतालिका निर्माण गरी त्यसको प्रभावकारी कार्यान्ययन गर्ने आदि ।

## निष्कर्ष

पूर्वकै पूरानो तेह्रथुम बहुमुखी क्याम्पसको महिला छात्रावास २०४९ वैशाख २६ गते क्याम्पसको स्वामित्वमा आएपछि धेरै छात्रा विद्यार्थीहरू यस छात्रावासमा पढेर उच्च शिक्षा हासिल गरेर गइसकेका छन् भने पढाइको सिलसिलामा हाल पनि छात्राहरू बसिरहेका छन्। यस छात्रावासमा ३२ जना विद्यार्थी बस्न सक्ने क्षमता रहेको छ। टाढा टाढाबाट आउने विद्यार्थीहरूलाई पहिलो प्राथमिकता रहेको यस छात्रावास भौतिक रुपमा कच्ची भएपनि नहुनु मामाभन्दा कानो मामा वेश भने झैँ विद्यार्थीका समस्या जेनतेन धानेकै छ। यसलाई समयसान्दर्भिक बनाउनका लागि विभिन्न पहलकदमी गर्नुपर्ने टड्कारो आवश्यकता छ। यी आवश्यकतामध्ये रङ्ग रोगन, बगैंचा निर्माण, काँडेतारद्वारा कम्पाउण्ड घेराबारा ,महिला वार्डेन नियुक्ती, वार्डेनलाई होस्टलभित्र बस्ने वातावरण निर्माण जस्ता कुरामा ध्यान दिइएमा होस्टल व्यवस्थापन तथा सञ्चालनमा कुनै समस्या हुँदैनथ्यो, यसबारेमा सचेत हुनु आवश्यक छ।

◆◆◆

# तेह्रथुम बहुमुखी क्याम्पस
# पुरुष छात्रवासको प्रतिवेदन २०७९।२०८०

-ईश्वरीप्रसाद डाँगी
होस्टल वार्डेन, पुरुष छात्रावास

## परिचय

तेह्रथुम जिल्लाको आठराई गाउँपालिका वडा नं. ६ चुहानडाँडामा रहेको यो क्याम्पसमा दुई वटा छात्रावास रहेकोमा एउटा पुरुष छात्रावास रहेको छ। कुल ३२ जना छात्र बस्न मिल्ने गरी निर्माण गरिएको यस छात्रावासमा जम्मा ८ कोठा रहेका छन्। प्रत्येक कोठामा ४ वटा खाट र २ वटा टेबल, थाल प्रत्येकलाई १/१ थान, बटुका १/१ थान र गिलास १/१ थान दिइएको छ। हाल माथिल्लो तलामा मात्र ८ जना मात्र विद्यार्थीहरू रहेका छन्। प्रति विद्यार्थीबाट शुल्कवापत वार्षिक रु.१५० र धरौटी वापत रु.२०० शुल्क लिने गरिएको छ।

प्रत्येक कोठामा ४ जना बस्न मिल्ने गरी तयार पारिएको यो भवनको निर्माण वि.सं २०४१ सालमा तात्कालीन जिल्ला पञ्चायत तेह्रथुमको आर्थिक सहयोगमा निर्माण गरिएको हो। यस छात्रावासमा खान पकाउनका लागि भिन्नै कच्ची भान्साघर पनि रहेको छ। सुरु सुरुमा यस छात्रावासमा खाना पकाउनका लागि क्याम्पसले एक जना पुरुष कर्मचारीलाई भान्सेमा खटाउने गरेकोमा अहिले विद्यार्थीहरू आफैँ खाना बनाएर खाने गर्दछन्। पहिले–पहिले दाउराको भरमा खाना बनाउनु पर्नेमा हाल क्याम्पसले सिलिण्डर ग्याँस चुलो उपलब्ध गराएको छ। २०४१ देखि २०६५ सम्म टुकी /लालटिनको सहारामा पढ्नु पर्ने वातावरण रहेको यस छात्रवासमा २०६५/०६६ सालदेखि माननीय सुशीला कन्दङवा (क. बर्षा) को पहलमा सोलार पाता/ बत्ती जडान गरिएको थियो तर १५/१६ वर्ष भएकोले अहिले सोलार बत्ती नाम मात्रको रहेको छ। यसका सट्टामा केन्द्रीय प्रसारणबाट विद्युत जडान गरिएको छ। खानेपानी, चर्पीको उचित व्यवस्था रहेको यस छात्रवासमा पढ्नका लागि राम्रो वातावरण रहेको छ।

## क्रियाकलाप

यस छात्रवासमा बस्ने छात्रहरू सौहार्द्धपूर्ण वातावरणमा बस्ने, पढ्ने र हामी एकाघरका परिवार हौँ भन्ने भावना रहेको छ। यो छात्रवासको रेखदेख, समस्या आदि बुझ्नका लागि क्याम्पसबाट होस्टल वार्डेनको व्यवस्था गरेको छ। विद्यार्थीका समस्याहरूमध्ये सानातिना समस्या विद्यार्थीहरू आफैले समाधान गर्ने प्रयास गर्दछन् भने विद्यार्थी पहुँचभन्दा माथिका समस्या आएमा होस्टल व्यवस्थापन समितिको बैठकबाट होस्टल वार्डेनलाई समस्या जाहेर गर्दछन् र होस्टल वार्डेनले क्याम्पस प्रशासन समक्ष ती कुराहरू उठाउने गरेको पाइन्छ। यसका अतिरिक्त क्याम्पसभित्र हुने विद्यार्थीका कार्यक्रम (जस्तैः श्रीपञ्चमी, स्वागत, विदाई) आदि हुँदा त्यहीँबाट प्रसाद, चिया नास्ता बनाउने र त्यसमा विद्यार्थीहरू नै आफू सक्रिय हुन्छन्। यसबाट म को भावना हटेर हामीको भावना विकसित भएको पाइन्छ । यो राम्रो पक्ष हो यसका अतिरिक्त होस्टल भित्रै पनि अन्ताक्षरीका कार्यक्रम, हिज्जेका कार्यक्रम, हाजिरीजवाफ जस्ता कार्यक्रमहरू पनि समय समयमा हुने गरेको पाइन्छ।

## बैठक

पुरुष छात्रवासको सञ्चालनकालागि छात्रवासमा बस्ने विद्यार्थी भित्रैबाट एउटा समिति निर्माण गरिएको छ। जसले छात्रवास समस्याको समाधान निकाल्ने प्रयास गर्दछन् र आवश्यकताअनुसार समय समयमा बैठक बस्ने गर्दछन्। आफूद्वारा समाधान हुने विषयवस्तु विद्यार्थी माझबाटै सम्पन्न गर्दछन् भने आफूबाट समाधान हुन नसकेको विषयवस्तुका बारेमा होस्टल वार्डेनलाई रिपोर्ट गर्दछन् भने होस्टल वार्डेनले क्याम्पस प्रशासनसमक्ष ती समस्या जाहेर गरी समाधानका उपाय अवलम्बन गर्न पहल गर्ने गरिन्छ।

### आचारसंहिता निर्माण

होस्टल सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आचारसंहिता निर्माण गरिएको छ। आचारसंहिता लागू गर्नका लागि छात्रवासभित्र बस्ने विद्यार्थीहरू मध्येबाट एउटा स्वतन्त्र समिति निर्माण गरिएको छ र त्यो समितिले निर्माण गरेको आचारसंहितामा सम्पूर्ण विद्यार्थी सहमत हुने गरेका छन्। होस्टल बस्ने विद्यार्थीहरूका लागि छात्रहरूले पालना गर्नुपर्ने नियम भनेर होडिङ् बोर्ड नै छात्रवासभित्र टाँगिएको छ।

### सवल पक्षहरू

क) यस छात्रवासमा ३२ जना विद्यार्थीहरू बस्ने क्षमता भएकोले ३२ जना विद्यार्थीका लागि अन्यत्र डेरा खोज्नु नपर्ने,

ख) शान्त, मनोरम दृष्य, स्वच्छ कोलाहलरहित वातावरणमा पढ्न पाउनु,

ग) खानेपानी, वाथरुम र शौचालय आदिको उचित व्यवस्थापन हुनु।

### कमजोर पक्षहरू

क) ३२ जना विद्यार्थीहरू बस्ने क्षमता भएको यस क्याम्पसको छात्रवास भवन जीर्ण बन्दै जानु,

ख) २०७२ सालको महाभूकम्पले क्षतिग्रस्त बनाएको हुँदा तल्लो तलाको ४ कोठाहरू बस्न नमिल्ने अवस्था रहनु,

ग) आगलागीको समस्या वर्षेनी सामना गर्नु पर्ने,

घ) आधुनिक शौचालय नहुनु,

ङ) वरिपरि काँडा घारी र बाँसको उचित व्यवस्थापन हुन नसक्नु,

च) बिजुली नियमित नहुनु साथै सोलारले पनि काम नगर्नु।

### भावी योजना

यस छात्रावासलाई अझ व्यवस्थित, भयरहित वातावरण निर्माण गर्नका लागि निम्न कार्य अगाडि बढाउने भावी योजना रहेका छन्:

१. जीर्ण  भवनको मर्मत सम्भार गरी विद्यार्थी बस्न योग्य बनाउने,

२. अम्रिसो तथा काँडा उखलेर विभिन्न प्रजातिका फूलहरू लगाउने,

३. आधुनिक शौचालय, वाथरुम र खानेपानीको धारा निर्माण गर्ने,

४. अहिले गरेका भन्दा अन्य धेरै अतिरिक्त क्रियाकलाप गराउन पहल गर्ने,

५. सुविधासम्पन्न नयाँ भवन बनाउन पहल गर्ने,

७. बिजुलीको वैकल्पिक व्यवस्था गर्ने आदि।

८. आगलागी नियन्त्रणका लागि अग्नी रेखा निर्माण गर्ने,

९. छात्रवास सुरक्षाका लागि घेरावारा गर्ने आदि।

### निष्कर्ष

पूर्वकै पूरानो तेह्रथुम बहुमुखी क्याम्पसको पुरुष छात्रवास २०४१ सालबाट क्याम्पसको स्वामित्वमा आएपछि धेरै छात्र विद्यार्थीहरू यस छात्रवासमा पढेर उच्च शिक्षा हाँसिल गरेर गइसकेका छन् भने पढाइको सिलसिलामा हाल पनि छात्रहरू बसिरहेका छन्। यस छात्रवासमा ३२ जना विद्यार्थी बस्न सक्ने क्षमता रहेको छ। टाढा टाढाबाट आउने विद्यार्थीहरूलाई पहिलो प्राथमिकता रहेको यस छात्रवास भौतिक रुपमा कच्ची भएपनि विद्यार्थीका समस्या जेनतेन धानेकै छ। यसलाई समयसान्दर्भिक बनाउनका लागि विभिन्न पहलकदमी गर्नुपर्ने टड्कारो आवश्यकता छ।

◆◆◆

# Terhathum Multiple Campus

# Research Management Committee (RMC)

## Annual Report of 2079/80

**-Ganesh Bimali**
**Co-ordinator, RMC**

## Introduction

Realizing the need of a vibrant research cell, Terhathum Multiple Campus formed the 'Research Management Committee' (RMC) for the first time in its history in 2017 A.D. in the chairmanship of Dr Nabin Kumar as a Co-ordinator. The establishment of the committee in campus is based on Universities policy. The RMC focus to enhance the capability of faculties research, academic writing, publish journal, conducting research-oriented training. It published the *TMC Research Journal volume I, and II*. The report focuses on agenda, completed activities and future plan. The acting committee consists of the following members:

Co-ordinator: Mr. Ganesh Bimali
Member: Mr.Som Nath Ghimire
Member: Mr. Lokendra Sitaula
Member: Mr. Nidhi Ratna Nepane
Member: Ms. Yogesh Kafle
Member: Mr. Bishal Karki

## Objectives

The main objectives of the committee are as follows:

a. To prepare annual budget and get approve from the campus.
b. To organize short-term and long-term trainings, workshops, orientation programs, publish research journal and encourage them to do research.
c. To make calls for proposals of mini-research and forward its processes for its completion to publish Journal.
d. To perform other relevant works as per needs of the Campus.

## Activities of RMC in Terhathum M. Campus

- Publication of Research Journal

- Organize Academic/Research Writing Workshop
- Formation of research idea exchange forum and contact person with others institution
- Prepare the required guidelines for journal writing.

## Strengths

- It helps to uplift faculties' research knowledge, skills and career development.
- All faculties are participating in writing and sharing their knowledge and skills.
- Faculties dissemination their knowledge through Mini-research journal publication.
- Organizing academic writing, thesis writing and data analysis workshop.

## Threats

- Lack of sufficient budget to implement the plan.
- Lack of interest in writing, participating and sharing.
- Lack of self-responsibility of learning and research,
- Lack in co-operation between faculties and administrative member.
- Difficult to afford the resources persons

## The Future plan of RMC

- Prepare the required guidelines for the papers and mini-research publication.
- Online Journal Publication on NepJol online portal.
- Call for the proposal of mini-research projects.
- Organize thesis writing orientation.
- Ask for research grants from different institutions.
- Submission of annual budget and activities details.
- Organize sharing session, article writing, data analysis facilitation program.

◆◆◆

# तेह्रथुम बहुमुखी क्याम्पस
# जनसंख्या विभागको वार्षिक प्रतिवेदन २०७९।२०८०

-जीवन पौडेल
विभागीय प्रमुख, जनसंख्या विभाग

## परिचय

त्रि.वि.का अरु सबै आङ्गिक क्याम्पसहरू जिल्ला सदरमुकाम अर्थात शहर केन्द्रित रहेका छन् भने तेह्रथुम बहुमुखी क्याम्पस विशुद्ध तेह्रथुम जिल्लाको सदरमुकाम बाहिर ग्रामीण भेगको आठराई गाउँपालिका वडा नं – ६, चुहानडाँडामा रहेको छ। शुरुका वर्षहरूमा विभिन्न आरोह अवरोहरू यस क्याम्पसले झेल्दै आएको भएतापनि वि.स. २०३७ सालदेखि यस क्याम्पसमा मानविकी सङ्कायको प्रवीणता प्रमाणपत्र तह (आइ.ए.) शुरुवात भएको पाइन्छ। सो तहमा शुरुवात देखिनै विभिन्न विषयहरूको पठनपाठन सञ्चालनमा रहेको भएता पनि जनसंख्या अध्ययन विषय भने वि.स.२०४५ सालदेखि मात्र शुरु भएको हो। यसै गरी तेह्रथुम बहुमुखी क्याम्पसमा मानविकी सङ्कायतर्फको स्नातक तह ( वी.ए.) को कक्षा सञ्चालन वि .स. २०४६ सालदेखि शुरुवात भएको र सो सङ्कायमा जनसंख्या अध्ययन विषयको पठनपाठन चाहीँ वि.स.२०५५ सालदेखि मात्र सञ्चालनमा रहेको पाइन्छ। तेह्रथुम बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र सङ्कायको एक वर्षे वी.एड्. वि.स. २०६० सालमा र ३ वर्षे वी.एड् ( हाल ४ वर्षे वी. एड्.) बि.स. २०६३ साल देखि चालुमा छन्। जनसंख्या शिक्षा नामक विषय यी दुवै तह शुरु भएदेखि नै सञ्चालनमा आएको छ। त्यस्तै गरेर वि. स. २०७० साल माघ महिनादेखि तेह्रथुम बहुमुखी क्याम्पसमा स्नातकोत्तर तह (एम.ए.) मा जनसंख्या अध्ययन विषयको पठनपाठन सञ्चालनमा रहेको छ।

## विभागका सदस्यहरू

तेह्रथुम बहुमुखी क्याम्पस जनसंख्या अध्ययन विभागमा हाल कार्यरत प्राध्यापकहरूको विवरण निम्न अनुसार रहेको छ।

१. जीवन पौड्याल : शिक्षण सहायक (विभागीय प्रमुख )
२. चक्रमणि भट्टराई : शिक्षण सहायक (सदस्य )
३. गणेश विमली : शिक्षण सहायक ( सदस्य )
४. पुण्यप्रसाद सिवाकोटी :शिक्षण सहायक (सदस्य )

## शैक्षिक कार्यक्रमहरू

यस क्याम्पसमा जनसंख्या अध्ययन तथा जनसंख्या शिक्षा विषय विभिन्न तहमा सञ्चालन भएको छ। जसअनुसार, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत ४ बर्षे स्नातक तह ( वी.ए.) मा जनसंख्या अध्ययन विषय पढाइ हुँदै आइरहेको छ साथै सोही सङ्काय अन्तर्गत स्नातकोतर तह (एम .ए .) मा पनि जनसंख्या अध्ययन विषय ४ वटा सेमेष्टरमा सञ्चालित छ। त्यस्तै शिक्षा शास्त्र सङ्काय अन्तर्गत ४ वर्षे वी.एड. तहमा जनसंख्या शिक्षा विषय समावेश गरेर पढाइ भइरहेको छ।

## मुख्य क्रियाकलापहरू

तेह्रथुम बहुमुखी क्याम्पसमा जनसंख्या अध्ययन विभागले चालु शैक्षिक वर्ष २०७९ / २०८० मा देहाय अनुसारका मुख्य कार्यहरू सञ्चालन गरेको छ।

- आवधिक रुपमा विभागीय बैठकहरू बसेको।
- जनसंख्या विषयका विद्यार्थीहरूलाई सूक्ष्म शिक्षण र विद्यालय शिक्षण सम्बन्धी अभिमुखीकरण कक्षा सञ्चालन गरेको।
- प्रतिवेदन लेखन सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन भएको।
- स्नातकोत्तर तहका विद्यार्थीहरूका लागि Paper presentation, project work, शोध पत्र तयारी सम्बन्धमा कार्यशाला सञ्चालन भएको।
- एकाइगत मासिक /त्रैमासिक परीक्षा सञ्चालन गरी प्राप्त नतिजाका आधारमा विद्यार्थीहरूलाई पृष्ठपोषण गरिएको।
- RMC द्वारा प्रकाशित Research Journal मा विभागका सम्पूर्ण सदस्यहरूद्वारा लिखित अनुसन्धानमा आधारित लेख रचना प्रकाशित भएको।
- जनसंख्या अध्ययन केन्द्रीय विभागद्वारा विभिन्न समयमा सञ्चालित Course refreshment, New course orientation training, Research training मा सहभागिता भएको।

**सवल पक्षहरू**

- अध्ययन अध्यापन प्रक्रियामा कुनै समस्या देखा परेमा शिक्षण समिति अध्यक्ष वा विभागीय प्रमुख मार्फत समाधान गरिने व्यवस्था।
- विश्वका जनसंख्या सम्बन्धी जल्दाबल्दा विषयवस्तुहरूको बारेमा विद्यार्थीहरूलाई सूचना प्रदान गर्न सफल।
- विभागका सदस्य तथा विद्यार्थीहरूलाई अनुसन्धानमूलक कार्यमा सरिक गराउन सकिएको।
- विद्यार्थीहरूलाई जनसंख्या र अन्य सामाजिक, आर्थिक, वातावरणीय पक्ष बीच अन्तरसम्बन्ध केलाउन सहयोग पुगेको।
- लोकसेवाका पाठ्यक्रममा समेत जनसंख्या विषयका विषयवस्तुहरू समावेश हुनुले विद्यार्थीहरूलाई उक्त परीक्षा हल गर्न सहज भएको।

**कमजोरीहरू**

- विभागीय क्रियाकलापहरू प्रभावकारी रुपमा सञ्चालन गर्न भरपर्दो विद्युत, विद्युतिय सामग्री तथा इन्टरनेटको अभाव रहेको।
- अनुसन्धान कार्य सञ्चालन गर्न आर्थिक अभाव भएको।
- आधुनिक तथा प्रविधीयुक्त शैक्षिक सामग्रीहरूको अभाव।
- जनसंख्या अध्ययन विभागको विभागीय कार्यलय छुट्टै नभएको।
- जनसंख्या शिक्षा सम्बन्धीको पाठ्यक्रम तथा पाठ्यपुस्तक समयमा उपलब्ध हुन नसकेको।

**अवसरहरू**

- जनसंख्या अध्ययन विभागका सम्पूर्ण सदस्यहरू अध्ययन अध्यापन कार्यमा लाग्नका लागि सवल, सक्षम, सक्रिय तथा युवा पुस्ता रहेका।
- अनुसन्धान कार्यमा विद्यार्थीहरूको उपस्थिति उत्साहपूर्वक रहनु।

- क्याम्पस प्रभाव क्षेत्र अन्तर्गतका सम्पूर्ण माध्यमिक विद्यालयहरूमा जनसंख्या शिक्षा विषयको पठनपाठन भएको ।
- सामाजिक अध्ययनका अन्य विषयहरू भन्दा नयाँ तथा जल्दो बल्दो विषयको रुपमा जनसंख्या अध्ययन हुनु ।
- क्याम्पसमा विद्यार्थीलाई अध्ययन गर्न स्वच्छ एवम् हरियालीयुक्त वातावरणको अवस्था रहनु ।

**चुनौतीहरू**

- कक्षा शिक्षण क्रियाकलापमा विद्यार्थीहरू सतप्रतिशत उपस्थित नहुनु ।
- कक्षामा विद्यार्थीको नियमित उपस्थिति न्यून हुनु ।
- जनसंख्या विषयप्रतिको आकर्षण क्रमशः घट्दै गएर विद्यार्थी भर्ना संख्या न्युन हुनु ।
- विद्यार्थीहरूको कक्षा छोड्ने दर (Dropout rate) बढ्दै जानु ।
- राज्यको नीति तथा कार्यक्रम र शिक्षा मन्त्रालयले जनसंख्या विषयका जल्दाबल्दा विषयवस्तुहरूलाई गम्भिरताको रुपमा नलिनु ।
- माध्यमिक तहमा जनसंख्या विषयलाई छुट्टै विषयका रुपमा नराखी अन्य विषयमा राखेर पठनपाठन गराउनु ।

**भावी योजना**

यस क्याम्पसमा जनसंख्या अध्ययन विभागका भविष्यका योजनाहरू निम्नानुसार रहेका छन्:

- अझ प्रभावकारी रुपमा एकाइगत मासिक र त्रैमासिक परीक्षा सञ्चालन गर्ने र प्राप्त नतिजाका आधारमा विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्ने ।
- अनुसन्धानमूलक लेख, प्रतिवेदन लेखनमा विद्यार्थी र शिक्षकको संयुक्त सहभागितामा आधारित भएर सञ्चालन गर्ने ।
- स्नातक तह तेस्रो वर्ष (वी. एड्.) को अनुसन्धान विधि विषयमा आधारित भएर विद्यार्थीहरूलाई अनिवार्य स्थलगत अवलोकनमा सरिक गराउने ।
- वी.एड्. चौथो वर्षका विद्यार्थीहरूका लागि जनसंख्या शिक्षामा परियोजना र गोष्ठी प्रभावकारी रुपमा र सञ्चालन गराउने ।
- स्थलगत अवलोकनबाट प्राप्त भएका तथ्याङ्कलाई विश्लेषणका लागि Research तथा Data analysis सम्बन्धी प्रभावकारी तालिमको व्यवस्था मिलाउने ।
- एम.ए. तहका अधिकांश विद्यार्थीहरू Job holders भएको हुनाले नियमित कक्षा लिन नसकेकोले उनीहरूलाई Teams मार्फत अनलाइन कक्षा सञ्चालन गर्ने ।

**निष्कर्ष**

विभिन्न अवसर र चुनौतीका बावजुद पनि जनसंख्या अध्ययन विभागले विभिन्न क्रियाकलाप गरेर जे जस्तो उपलब्धि हाँसिल गरेको छ त्यो त्यति सन्तोषजनक नभएता पनि आगामी दिनमा यसलाई थप उपलब्धिमूलक तथा व्यवहारिक बनाउदै लगिने कुरामा दुई मत छैन । यस विभागका भावी योजनाहरूलाई मध्यनजर गर्दै सशक्त बनाउदै लैजानुपर्ने आजको टड्कारो अवस्था रहेको छ ।

◆◆◆

# तेह्रथुम बहुमुखी क्याम्पस
# राजनीतिशास्त्र र गणित विभागको वार्षिक प्रतिवेदन, २०७९/०८०

- गोविन्दकुमार सुवेदी
विभागीय प्रमुख, राजनीतिशास्त्र र गणित विभाग

## परिचय

त्रि.वि. को आङ्गिक क्याम्पसको रुपमा रहेको तेह्रथुम बहुमुखी क्याम्पस वि.सं. २०१७ सालमा स्थापना भई सुरुमा प्रविणता प्रमाण–पत्र (आई.ए.) मात्र पठन–पाठन हुँदै आएकोमा वि. सं. २०४६ साल श्रावण १९ गते त्रि. वि. कार्यकारी परिषद्को २३६ औँ बैठकको निर्णय नं. १९९३ अनुसार यस तेह्रथुम बहुमुखी क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तहको कक्षा सञ्चालनको अनुमति प्रदान भएको र सो सँगै स्नातक तहमा ऐच्छिक विषयको पठनपाठनको लागि राजनीतिशास्त्र विषयको स्वीकृती भई सुरु गरिएको हो। त्यस पश्चात ऐच्छिक विषयलाई मिलाएर एउटा विभाग बनाउने गरिएको थियो। वि. सं. २०६३ सालमा स्नातक तहमा शिक्षाशास्त्र शुरू भएपछि मात्र अन्य विभागहरू निर्माण भएका हुन् भने वि.सं. २०४६ सालदेखि वि. सं. २०६३ सालसम्मको बीच को अवधिमा राजनीतिशास्त्र विषयका प्राध्यापक विभागीय प्रमुख समेत भएका थिए।

वि. सं २०६३ सालपछि एक विषयका ५ जना प्राध्यापक बराबर एउटा विभाग बनाउने नियमानुसार एक विषयमा सो संख्या नपुगेमा अन्य विषय मिलाएर विभाग बनाउने गरेको पाइन्छ। वि.सं. २०६४ सालमा विशेषगरी गणित, अर्थशास्त्र र राजनीतिशास्त्र विषयहरू मिलाउँदै विभाग बनाउने कार्य हुँदै आयो भने यो अवधि (वि.सं. २०६५ – २०८० सम्म आइपुग्दा २ जना प्राध्यापक राजनीतिशास्त्र विषयका विभागीय प्रमुख भएका छन ) अहिलेको तत्कालीन समयमा गणित र राजनीतिशास्त्र विषयको मिलान गरी राजनीतिशास्त्र विषयको विभागीय प्रमुखको रुपमा रहनु भएको छ।

## विभागका सदस्यहरू

यस क्याम्पसमा राजनीतिशास्त्र विभागमा अध्यापनरत प्राध्यापकहरू (सदस्यहरू) निम्नानुसार रहेकाछन।

१. श्री गोविन्द कुमार सुवेदी (विभागीय प्रमुख)
२. श्री लोकेन्द्र सिटौला (सदस्य)

## शैक्षिक कार्यक्रम

यस क्याम्पसमा सञ्चालनमा रहेका विभिन्न शैक्षिक कार्यक्रममध्ये मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फको स्नातक तहमा राजनीतिशास्त्र विषयको पठनपाठन चालुरहेको छ। शिक्षाशास्त्र सङ्कायतर्फ वि. सं. २०६५ देखि वि.सं. २०७७ सालसम्म ऐच्छिक विषयको रुपमा एक पेपर पढाइ हुन्थ्यो त्यसपश्चात ४ वर्षे शैक्षिक संरचनामा स्नातक तहलाई लगे पश्चात उक्त एउटा पेपर छनौटबाट हटिसकेको छ। शिक्षाशास्त्रतर्फ पनि ऐच्छिक विषयको रुपमा राजनीतिशास्त्र विषय राख्न पहल भइरहेको र निकट भविष्यमा ऐच्छिक विषयको रुपमा रहन सक्ने सम्भावना छ। अर्कोतर्फ मानविकी र शिक्षाशास्त्र दुवै तर्फ ऐच्छिक गणित विषय रहेको छ। केही समयदेखि गणित पढ्ने विद्यार्थीको अभाव हुँदै गएको थियो भने हाल आएर गणित, पढाउने शिक्षक पनि नभएको अवस्था छ। यसचं दरवन्दी र सुविधा सबै हुँदा हुँदैप्रति गणित विषयको शिक्षक र विद्यार्थीको शुन्य अवस्था रहेकोछ। आउँदो शैक्षिक सत्रबाट दुवै समस्यालाई हलगर्ने गरी पठन पाठनको सञ्चालन गर्ने योजना रहेको छ।

## मुख्य क्रियाकलाप

यो विषयको कक्षा शिक्षण क्रियाकलाप सैद्धान्तिक र व्यवहारिक दुवै तरिकाबाट हुँदै आइरहेको छ जस अन्तर्गत सैद्धान्तिक रुपमा व्याख्यान विधि र व्यवहारिक रुपमा प्रयोगात्मक क्रियाकलाप सञ्चालन गरिदैँ आएकोछ । व्याख्यान विधिले विद्यार्थीहरूलाई वार्षिक परीक्षा प्रणालीमा सहज पुयाएकोछ भने प्रयोगात्मक विधिले आन्तरिक मूल्याङ्कन पद्धतिमा सहयोग पुऱ्याएको छ। समय–समयमा विद्यार्थीहरूलाई सरकारको बारेमा बुझाउनको लागि स्थानीय सरकारको अवलोकनमा र विकास निर्माण र जनसहभागिता बारे बुझाउन स्थानीय सरकारबाट सञ्चालित विकास आयोजनाहरूको अवलोकनमा लाने गरिएको छ। यसका साथै जनसहभागिताबाट विकासको महत्त्व र अर्थ बुझाउन वृक्षारोपणमा सहभागी, नेतृत्त्व विकासका लागि वक्तृत्त्वकला, हाजिरीजवाफ जस्ता कार्यक्रमहरूमा सहभागी गराउने गरिएको छ।

## सवल पक्षहरू

सामाजिकशास्त्र विषयहरूमध्ये राजनीतिशास्त्र एक महत्त्वपूर्ण तात्कालीन परिवेश अनुकुल र अति आवश्यक विषयको रुपमा रहेको छ। राज्य सञ्चालन, नीति नियम निर्माण, नेतृत्त्व विकास, जनसहभागिता सुशासनदेखि हरेक तहमा राजनीतिशास्त्रका विधि, पद्धति र सिद्धातहरूको प्रयोग हुने कारणले पनि आजको समय र सन्दर्भमा अति महत्त्वको रुपमा लिने गरिएको छ। लोकसेवा आयोगका विभिन्न परीक्षामा सोधिने प्रश्नपत्रमा समेत राजनीतिशास्त्रका विषयवस्तुहरू समावेश गरिनुले पनि यसको सवलता प्रष्ट देखिन्छ। क्याम्पसमा यो विषयसँग सम्बन्धित विभाग हुनुले पनि सम्बन्धित समस्याहरू हल गर्ने गर्न सहज भएको छ। विभागीय कार्यालय छुट्टै हुनुले पनि विद्यार्थीहरूको समस्या निराकरण गर्नमा र क्याम्पसका शैक्षिक क्रियाकलाप सञ्चालन गर्न टेवा पुगेको छ । राजनीतिक नेतृत्त्व निर्माणका लागि राजनीतिशास्त्र विषय धेरै व्यक्तिको लागि आधार बनेको र नेतृत्त्वमा सहजता भएको पनि महसुस गरिएको  छ।

## कमजोरी पक्ष

- दुई वा दुई भन्दा बढी विषय समायोजन गरेर एउटै विभागका बन्दा सबै विषयसँगको जानकारी र अनुभवमा कमी,
- विभागका सदस्य हरू कम हुने कारण छलफल प्रभावकारी नहुने,
- विभागहरूमा  समय समयमा गोष्ठी, सेमिनारको प्रभावले प्रभावकारी शिक्षण सिकाइमा असर,
- कक्षामा  विद्यार्थी उपस्थिति कम हुने कारण सत् प्रतिशत शिक्षण सिकाइ क्रियाकलापमा बाधा पुग्ने कक्षाकोठा सिकाइ मैत्री नहुनु,
- आधुनिक प्रविधिहरूको अभाव (जस्तैः नेट, स्मार्ट बोर्ड आदि )
- पाठ्यक्रम पाठ्यपुस्तक समयमा उपलब्ध हुन नसक्नु विद्यार्थीहरू कमजोर धरातल र आर्थिक अवस्थाबाट आउने कारण अध्ययनमा तन मन लगाउन नसक्नु जुन कारण परिणाम सन्तोषजनक नहुनु।

## अवसर

यो विषयको महत्त्व दिनानुदिन वढ्दै गएकोले यसलाई अझ परिष्कृत र समयानुकुल परिमार्जित गर्दै लगेमा यसबाट विद्यार्थीहरूलाई राज्यको निजामति सेवा प्रवेशमा धेरै सरल हुने देखिन्छ। विभागका विभिन्न सदस्यहरूले समय समयमा विभिन्न तालिम, गोष्ठी, सेमिनार आदि प्राप्त गर्न सक्ने सम्भावना देखिन्छ। विभागीय प्रमुखहरूको

मासिक भत्ता बढाउनुले पनि विभागीय प्रमुखहरूको मनोबल उच्च रहेको देखिन्छ। अनुसन्धान कार्यमा विद्यार्थीको सक्रियता उत्साहपूर्ण रहने गरेको, माध्यमिक तहमा सामाजिक शिक्षा अन्तर्गत नागरिक चेतना एकाइको रुपमा राजनीतिशास्त्रसँग सम्बन्धित विषयवस्तु राखिएकोले यो विषयको महत्त्व बढ्दै जानु, विद्यार्थीलाई अधययन अनुसन्धानको लागि कलेजको वातावरण अनुकुल हुनु, पर्याप्त भौतिक सुविधा र कलेजको सहयोगात्मक वातावरणले सिकारुका लागि सिकाइ मैत्री अवस्था रहनु आदि जस्ता कुराहरूलाई अवसरको रुपमा लिन सकिन्छ।

## चुनौतिहरू

- कक्षा शिक्षणमा विद्यार्थीको उपस्थिति न्यून हुनु र साथै नियमित हुन नसक्नु,
- शुरुमा भर्नादर राम्रो हुनु तर चौथो वर्षसम्म विद्यार्थीलाई टिकाउन नसक्नु,
- राज्यले राजनीतिशास्त्र र गणित विषयको महत्त्वलाई गम्भिरतापूर्वक लिन नसक्नु,
- राजनीतिशास्त्रलाई छुट्टै ऐच्छिक विषयको रुपमा माध्यमिक तहमा नराखी सामाजिक अध्ययनको एउटा एकाइको रुपमा मात्र राख्नु।
- हप्ता वा महिनामा एक दिन सिपसँग र श्रमसँग जोड्ने अतिरिक्त कार्य गर्न नसक्नु।

## भावी योजना

तेह्रथुम बहुमुखी क्याम्पस राजनीतिशास्त्र र गणित विभागका योजना निम्नानुसार रहेका छन।

- अनुसन्धानमुलक लेख, प्रतिवेदन लेखनमा विद्यार्थी र शिक्षकको संयुक्त सहभागितामा आधारित भएर गर्ने।
- प्रत्येक शैक्षिक कार्यक्रममा एकाइगत, मासिक र त्रैमासिक गरी विभिन्न परीक्षा सञ्चालन गर्ने र नतिजाको आधारमा विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्ने।
- आन्तरिक मूल्याङ्कनमा निर्दिष्ट भएको ५ पूर्णाङ्कको स्थलगत निरीक्षण कार्यमा आधारित भएर अनिवार्य स्थलगत अवलोकनमा सहभागी गराउने।
- स्थलगत अवलोकनको आधारमा प्राप्त भएका तथ्याङ्क विवरणहरूलाई विश्लेषण गरी वी. ए. चौथो वर्षको अनुसन्धान पद्धतिलाई तथ्याङ्क विश्लेषण र अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने कार्यमा सहज बनाउने अवस्था निर्माण गर्ने।

## निष्कर्ष

विभिन्न अवसर र चुनौतिका बीच पनि राजनीतिशास्त्र, गणित विभागले विभिन्न क्रियाकलाप गरेर जे जस्तो उपलब्धि आर्जन गरेको छ, त्यो त्यति धेरै सन्तोषजनक र प्रभावकारी नभएपनि आगामी दिनहरूमा यसलाई थप उपलब्धिमुलक प्रभावकारी र व्यवहारिक बनाउँदै लैजान सकिने प्रशस्त सम्भावनहरू रहेका छन्। यस प्रतिवेदनका भावी योजनालाई विशेष ध्यान दिँदै सवलता र सक्षमता निर्माणको लागि प्रतिवद्ध भएर लागि पर्न सकिने छ साथै परिणाम र गुणस्तरलाई प्रभावकारी बनाई धेरै समस्याहरू र चुनौतिहरूलाई हल गरी सुन्दर अवसरको रुपमा स्थापित गरी दिगो विकास गर्न सकिने सम्भावना रहेको छ।

◆◆◆

# तेह्रथुम बहुमुखी क्याम्पस
# नेपाली तथा अर्थशास्त्र विभागको वार्षिक प्रतिवेदन, २०७९/०८०

-निधिरत्न न्यौपाने
विभागीय प्रमुख, नेपाली तथा अर्थशास्त्र विभाग

## परिचय

यस क्याम्पसमा नेपाली, अङ्ग्रेजी जनसङ्ख्या , राजनीतिशास्त्र र अभ्यास शिक्षण गरी पाँचवटा विभागहरू रहेका छन् । नेपाली विभागमा विभाग निर्माणका लागि आवश्यक सदस्य सङ्ख्या नभएका कारण तात्कालीन समयमा विभाग गठन गर्दा नेपाली र अर्थशास्त्र विषयलाई मिलाएर विभाग गठन गरिएको थियो तर वर्तमान अवस्थामा नेपाली विभागका सदस्यको सङ्ख्या थप भएकाले नेपाली विभाग छुट्टै विभाग बन्न सक्ने अवस्थामा रहेको छ।

यस विभागमा कार्यरत शिक्षकहरूको विवरण यस प्रकार रहेको छ :

| क्र.स. | शिक्षकको नाम | पद | विषय | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | निधिरत्न न्यौपाने (विभागीय प्रमुख) | शिक्षण सहायक | नेपाली | एम.ए., आचार्य, एकवर्षे वी.एड, |
| २ | दीपकराज उप्रेती (सदस्य) | सहायक प्राध्यापक | अर्थशास्त्र | एम.ए. |
| ३ | ईश्वरीप्रसाद डाँगी (सदस्य) | शिक्षण सहायक | अर्थशास्त्र | एम.ए. |
| ४ | धर्मराज गौतम (सदस्य) | शिक्षण सहायक | नेपाली | एम.ए., एकवर्षे वी.एड. |
| ५ | सोमनाथ घिमिरे (सदस्य) | शिक्षण सहायक | नेपाली | एम.ए. एकवर्षे वी.एड. (एम्.फिल. रनिङ) |
| ५ | योगेश काफ्ले (सदस्य) | शिक्षक | नेपाली शिक्षा | एम.एड .एम फिल. |
| ७ | पूर्णकुमारी रोका (सदस्य) | शिक्षक | नेपाली | एम.ए., एकवर्षे वी.एड. |

## उद्देश्य

यस विभागका उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

- पठनपाठन कार्यलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्नु,
- अनुसन्धानका माध्यमबाट शिक्षक र विद्यार्थीको ज्ञानलाई अफ फराकिलो बनाउनु,
- विद्यार्थी र शिक्षकका बीचको दुरीलाई छोट्याई शिक्षण कार्यलाई प्रभावकारी बनाउनु,
- क्याम्पसमा रहेका अन्य विभागहरू एवम् सम्बद्ध कार्यालयहरूसँग समन्वय गरी प्राज्ञिक कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्नु ,

- सूचना प्रविधिलाई प्रयोग गर्दै शिक्षणलाई प्रविधि मैत्री बनाउनु,
- विद्यार्थीको शैक्षिक स्तरलाई उकास्न समय समयमा आन्तरिक मूल्याङ्कन परीक्षा सञ्चालन गर्नु,
- तोकिएको समयमा पाठ्यक्रले तोकेका पाठ्यांशहरूको पठनपाठन नसकिएमा अतिरिक्त कक्षा सञ्चालन गरी पाठ्यांश पूरा गर्नु।

**विभागीय गतिविधिहरू**

गत शैक्षिक सत्रमा यस विभागले सम्पन्न गरेका कार्यहरूलाई बँदागत रुपमा निम्नुसार उल्लेख गरिएको छ :

- त्रि.वि. प्राध्यापक संघ क्याम्पस एकाइ समिति एवम् अनुसन्धान व्यवस्थापन एकाइ (RMC)ले प्रकाशन गर्ने अनुसन्धानमूलक प्रणयन र TMC Reasherch Journal पत्रिकामा लेखरचना उपलब्ध गराउनका लागि विभागीय छलफल,
- परिवर्तित विषयगत नवीन पाठ्यक्रमका सबन्धमा छलफल तथा उक्त पाठ्यक्रम कार्यान्वयन गरिएको,
- स्नातक तहको आन्तरिक मूल्याङ्कन सम्बन्धी विषयमा छलफल, योजना निर्माण र कार्यान्वयन गरिएको,
- परीक्षा पश्चमार्जनबारे छलफल गरिएको,
- विषयगत शिक्षकको अनुपस्थितिमा कक्षा व्यवस्थापन गरिएको,
- क्याम्पस स्तरीय प्रतियोगितात्मक नृत्य, कविता वाचन, गजल वाचन, निबन्धलेखन, लगायतका साहित्यिक कार्यक्रमहरू सञ्चालन गरिएको।

**भावी योजना**

नेपाली विभागका आगामी योजनालाई निम्नानुसार उल्लेख गरिएको छ :

- अनुसन्धान एवम् प्रज्ञिक उन्नयनका लागि सेमिनार तथा गोष्ठी सञ्चालन गर्ने,
- विद्यार्थीहरूको अध्ययन कार्यलाई व्यवस्थित गर्न त्रैमासिक रुपमा आन्तरिक मूल्याङ्कन गर्ने,
- शिक्षकहरूको प्राज्ञिक क्षमता अभिवृद्धिका लागि प्रोत्साहन तथा सिफारिस गर्ने,
- चौमासिक रुपमा क्याम्पस स्तरीय प्रतियोगितात्मक साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने,
- विद्यार्थीहरूलाई व्यवहारिक लेखनमा सक्षम बनाउन प्रयोगात्मक पक्षमा जोड दिने,
- वी.ए. चौथो वर्षको परिवर्तित पाठ्यक्रमका सम्बन्धमा अर्न्तक्रिया गर्ने,
- स्नातकतहको आन्तरिक मूल्याङ्कन परीक्षाका सम्बन्धमा छलफल गर्ने,
- वी.ए. तेस्रो वर्षका लघु शोधपत्र र नेपाली पत्रकारिता विषयको प्रयोगात्मक परीक्षालाई अझ व्यवस्थित र प्रयोगमूखी बनाउने,
- परीक्षा परिणामपश्चात विद्यार्थीहरूको कमजोरीका पक्षलाई पहिचान गरी उक्त कमजोरीहरू निराकरण गर्ने बारेमा छलफल गर्ने,
- विषयगत शिक्षकको अनुपस्थितिमा कक्षा व्यवस्थापनका बारेमा छलफल गर्ने,
- विभागका सदस्यहरूबाट भएका अनुसन्धानात्मक कार्य तथा प्राज्ञिक लेखनबारे छलफल र अर्न्तक्रिया गर्ने,
- विषय शिक्षकको कक्षा शिक्षणलाई प्रभावकारी बनाउन कक्षा सुपरिवेक्षण गरी प्राविधिक सहयोग गर्ने,
- सिकाइ सहजीकरण प्रक्रियामा सूचना तथा प्रविधिको प्रयोगका विषयमा छलफल गर्ने,

- स्नातक तहमा नेपाली विषयको परीक्षा परिणामको विश्लेषण गर्ने,
- गुणस्तर प्रत्ययन तथा प्रमाणीकरण कार्यका लागि आवश्यक सहयोग जुटाउने ।

## विभागका वर्तमान चुनौतीहरू

यस विभागका वर्तमान चुनौतीहरूलाई बुँदागत रुपमा यसरी प्रस्तुत  गरिएको छ :

- विभागीय गतिविधिको अभिलेखीकरण नहुनु,
- विद्यार्थीको नियमित उपस्थिति नहुनु,
- अतिरिक्त कक्षाको व्यवस्थापन नहुनु,
- कक्षा छाड्ने प्रवृतिमा वृद्धि हुनु,
- भाषिक पृष्ठभूमिगत विविधता देखिनु,
- आन्तरिक मूल्याङ्कनको प्रभावकारितामा समस्या देखापर्नु,
- प्राध्यापकहरूको शैक्षिक उपलब्धिमा ह्रास आउनु,
- शिक्षकको निरन्तर पेशागत विकासमा ह्रास आउनु,
- विद्यार्थीका स्तरले गुणस्तरमा पारेको प्रभाव,
- स्रोत साधनसम्पन्न पुस्तकालय नहुनु,
- अनुसन्धानात्मक तथा प्राज्ञिक लेखनमा संलग्न हुन समस्या हुनु,
- क्याम्पसको भौगोलिक अवस्थिति,
- अन्तर्विभागीय सहकार्य नहुनु,
- कक्षा कोठामा सूचना तथा सञ्चार प्रविधिको उपयोग नहुनु,
- शैक्षिक तथा सन्दर्भसामग्रीको उपलब्धता र प्रयोग नहुनु,
- शिक्षाशास्त्र सङ्कायमा अर्थशास्त्र शिक्षा विषय नहुनु,

## विभागका  विद्यमान चुनौति समाधानका उपायहरू

उपर्युक्त चुनौती तथा समस्याहरू समाधान गर्नका लागि विभागले निम्नानुसारका उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ :

- नियमित रुपमा विभागको बैठक बसी आवश्यक कार्यहरू सम्पन्न गरी  सोका बारेमा अभिलेखीकरण गर्ने,
- विद्यार्थीलाई क्याम्पसमा नियमित उपस्थित गराउन उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गर्ने,
- अतिरिक्त कक्षाको भाषिक पृष्ठभूमिगत विविधताबाट उत्पन्न समस्याको समाधानका लागि विद्यार्थीको भाषिक पृष्ठभूमि  र नेपाली भाषा प्रयोगको स्तर पहिचान गरी नेपाली भाषामा बोध र अभिव्यक्तिको स्तर बढाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने,
- आन्तरिक मूल्याङ्कनलाई उपचारात्मक शिक्षण र अतिरिक्त कक्षा शिक्षणको प्रमुख साधनका रुपमा सञ्चालन गर्ने,
- प्राध्यापकहरूलाई शैक्षिक योग्यता वृद्धि गर्न उत्प्रेरित गर्ने,

- शिक्षकको निरन्तर पेशागत विकासको उन्नयनका लागि सञ्चालित तालिम, गोष्ठी, कार्यशालामा सहभागी गराउने,
- विद्यार्थीको स्तरले गुणस्तरमा पारेको विषयगत प्रभावलाई विचार गरेर उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीलाई क्याम्पसमा भर्ना हुने वातावरण सिर्जना गर्न छात्रवृतिको वितरणलाई थप व्यवस्थित बनाउने,
- पुस्तकालयलाई स्रोत साधन सम्पन्न बनाउन विषयगत पाठ्य तथा सन्दर्भ सामग्रीको व्यवस्था गर्न पहल गर्ने,
- अनुसन्धानात्मक तथा प्राज्ञिक लेखनमा संलग्नता बढाउन विभागमा सहकार्यको वातावरण सिर्जना गर्ने,
- क्याम्पसको भौगोलिक विकटतालाई मध्यनजर गरी टाढाबाट आउने विद्यार्थीको सहजताका लागि यातायतको व्यवस्था गर्न विभागका तर्फबाट प्रशासनसमक्ष पहल गर्ने,
- क्याम्पसको स्तर उन्नयन गर्न अन्तर्विभागीय सहकार्यलाई निरन्तरता दिने,
- सिकाइ सहजीकरणलाई समय सापेक्ष बनाउन सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने,
- शैक्षिक तथा सन्दर्भ सामग्री उपलब्ध गराएर वा विद्यार्थीहरूबाट समेत सङ्कलन गरेर सिकाइलाई प्रभावकारी बनाउने,
- शिक्षाशास्त्र सङ्कायतर्फ अर्थशास्त्र शिक्षा विषय थप गर्न पहल गर्ने,
- कक्षा छाड्ने प्रवृतिलाई न्यूनीकरण गर्न उपचारात्मक शिक्षणको व्यवस्था गर्ने।

**निष्कर्ष**

नेपाली विभाग यस क्याम्पसको सबैभन्दा धैरै विद्यार्थी अध्ययन गर्ने विभागमध्ये एक हो। नेपाली विषय यस क्याम्पसको स्नातक तहमा अनिवार्य र ऐच्छिक (मेजर, माइनर) विषयका रुपमा अध्ययन अध्यापन भैरहेको छ। नेपाली विषय एकातिर सबै विद्यार्थीहरूका लागि अनिवार्य विषय र पढाइको माध्यम भाषाका रुपमा रहेको छ भने अर्कातिर मेजर, माइनर र इलेक्टिभ विषयका रुपमा अध्ययन गर्न मिल्ने किसिमले व्यवस्थापन गरिएको छ। यसरी क्याम्पसका अधिकांश विद्यार्थीहरूको पढाइको माध्यम भएकाले यस विषयको स्तर उन्नयन गर्नमा यस विभागको महत्त्वपूर्ण भूमिका रहेको छ। विविध समस्या र चुनौतीहरू रहँदारहदै पनि समन्वय, एकता र सहकार्य गर्दै आफ्नो विषय र समग्र क्याम्पसको गुणस्तरलाई उकास्नका लागि यस क्याम्पसका प्राध्यपकहरूबाट सक्दो प्रयास भैरहेको छ। उच्च शिक्षाप्रतिको घट्दो जन आस्थामा परिवर्तन गरी राज्यका लागि आवश्यक पर्ने समयानुकूल, गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नुपर्ने गहन जिम्मेवारी पूरा गर्नका लागि यस विभागबाट अझ प्रभावकारी योजनाहरू निर्माण गरी त्यसलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

◆◆◆

# तेह्रथुम बहुमुखी क्याम्पस
# शिक्षण अभ्यास विभागको वार्षिक प्रतिवेदन २०७९/०८०

-विशाल कार्की
विभागीय प्रमुख, शिक्षण अभ्यास विभाग

## परिचय

बदलिँदो परिवेशमा शिक्षालाई आवश्यकता अनुरुप अनुकूल बनाउने उद्देश्य राखेर त्रिभुवन विश्वविद्यालय अन्तर्गतको शिक्षाशास्त्र सङ्कायमा स्नातक तथा स्नातकोत्तर तहमा अनिवार्य रुपमा शिक्षण अभ्यासको सैद्धान्तिक र प्रयोगात्मक पाठ्यांश समावेश गरिएको छ। विश्वविद्यालयमा विभिन्न विषयलाई सिपमूलक, दक्षतामा आधारित साथै रोजगारमुखी बनाउने लक्ष्य अनुरुप शिक्षाशास्त्र सङ्कायमा शिक्षाण अभ्यासलाई एक महत्त्वपूर्ण प्रायोगिक पाठ्यांशका रुपमा निर्माण गरिएको छ। यस पाठ्यांशको समापनमार्फत सैद्धान्तिक सन्दर्भलाई व्यवहारिक वा प्रयोगात्मक तवरले लागु गर्नसक्ने मानवीय स्रोत निर्माणको अपेक्षा पनि राखिएको छ । पाठ्यांशको अपेक्षा अनुरुप शिक्षाशास्त्र सङ्कायमा स्नातक तहमा चौथो वर्ष साथै एकवर्षे वी.एड. र स्नातकोत्तर तहमा चौथो सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरूलाई सैद्धान्तिक विषय अध्ययन गरिसके पछि शिक्षण सिकाइमा सर्वोकृष्ट मानिएका सिपहरूलाई व्यवहारमा उतार्नमा सहयोग गर्दछ। सवल र सक्षम शिक्षक बन्नका लागि शिक्षक तालिम र दक्षता आवश्यक मानिन्छ। एउटा शिक्षकको दायित्त्व र जिम्मेवारी कक्षा कोठामा पढाउने, विषयको स्वभाव अनुसार शैक्षिक सामग्रीको निर्माण र प्रयोग सुहाउँदो शिक्षण विधि र मूल्याङ्कनका प्रक्रिया अवलम्बन गरी विद्यार्थी माफ सकारात्मक ज्ञान हस्तान्तरण गर्नु र शैक्षणिक योजनाहरू निर्माण गर्नु नै हो। यस अर्थमा छात्र/छात्रा शिक्षकलाई समग्र शिक्षण कार्यमा दक्ष बनाउनु नै शिक्षण अभ्यासको प्रमुख उद्देश्य हो। जसले एक पेशागत ज्ञान, सिप र प्रवृत्तिहरू विकास गरी दक्ष/निपूर्ण एवम् तालिम प्राप्त शिक्षक/शैक्षिक प्रशासक तयार पार्ने एक संयन्त्रको रुपमा विकास गरिएको छ।

यस तेह्रथुम बहुमुखी क्याम्पस, चुहानडाँडामा स्नातक तहमा मात्रै शिक्षाशास्त्र सङ्कायको पठनपाठन हुने गरेको र वि.सं. २०६०/०६१ देखि एकवर्षे वी.एड. सञ्चालनमा आएको र सो कार्यक्रममा २०६३ देखि अभ्यास शिक्षण विषयको पाठ्यांश पहिलो पटक सञ्चालन/प्रयोगमा ल्याइएको थियो भने तत्कालीन तीनवर्षे वी.एड. र हाल सञ्चालनमा रहेको चारवर्षे वी.एड.को अन्तिम वर्षमा २०६६ साल देखि हालसम्म त्रि.वि. शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयले तोकेको ढाँचामा शिक्षण अभ्यास पठनपाठन र प्रयोगात्मक सञ्चालन भइरहेको छ। जस अनुरुप २०७९/०८० मा एकवर्षे वी.एड. मा ९ जना र चारवर्षे वी.एड.मा १४ जना छात्रछात्राहरू शिक्षण अभ्यासमा संलग्न भएर कार्य सम्पन्न गरेका थिए। एकवर्षे वी.एड.मा लिखित परीक्षाको नतिजा प्रकाशित भएपश्चात विद्यालय शिक्षण भन्दा अघि अभिमुखीकरण कार्यक्रम र लघु/सुक्ष्म शिक्षण सञ्चालन गरिएको थियो भने चारवर्षे वी.एड.मा तोकिएको पाठ्यांश अनुसार नियमित कक्षा तालिकामा समावेश गरी शैक्षिक सत्र भरी अभिमुखीकरण कार्यक्रम, लघु/सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, विद्यालय शिक्षण साथै विभिन्न शैक्षणिक योजना निर्माण लगायतका कार्य वार्षिक कार्ययोजना निर्माण गरेर सम्मपन्न गरिएको थियो। शिक्षण अभ्यासको पुरकको रुपमा रहेको विद्यालय शिक्षणको लागि सहयोगी विद्यालय छनोट गर्दा प्राथमिकताको आधारमा आठराई क्षेत्रकै विद्यालयहरूलाई छनोट गर्ने गरिएको छ। यस प्रतिवेदनमा शैक्षिक वर्ष २०७९/०८० मा सञ्चालित एकवर्षे वी.एड. को वार्षिक प्रणालीको अन्तिम समूह र चारवर्षे वी.एड.को चालु पाठ्यांश अनुसार सञ्चालित शिक्षण अभ्यास कार्यक्रमसँग सम्बन्धित गतिविधिलाई प्रस्तुत गरिएको छ।

## शिक्षण अभ्यासको उद्देश्य

शिक्षण अभ्यासको अन्त्यमा छात्र/छात्रा शिक्षकहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् भनि यसको पाठ्यांशमा उद्देश्यहरू तय गरिएका छन:

क) विषय, पाठ र पाठ्यांश अनुसार कक्षा शिक्षणका लागि योजना बनाउन,

ख) पाठयोजना अनुरुप कक्षा शिक्षणका लागि उचित शैक्षिक सामग्रीको छनौट निर्माण र प्रदर्शन गर्ने सिपको विकास गर्न,

ग) पाठयोजना अनुसार उपयुक्त शैक्षणिक विधिको छनौट गरी शिक्षण कार्य गर्न,

घ) शिक्षण उद्देश्य प्राप्तिका लागि विभिन्न मूल्याङ्कनका साधनको निर्माण र प्रयोग गर्न,

ब) आफू र आफ्नो सहयोगी छात्र शिक्षकको शिक्षण सिपको अवलोकन गरी विश्लेषण गर्न,

च) शिक्षणका लागि कक्षा कोठाको व्यवस्थापन र बसाइको उपयुक्त व्यवस्था गर्न,

छ) विद्यार्थीहरूको सिकाइ कठिनाइहरूको पहिचान गरी तिनको समाधान गर्न,

ज) शिक्षणका लागि पाठ्यपुस्तक, सन्दर्भ पुस्तक र अन्य स्रोत सामग्रीहरूको उचित प्रयोग गर्न,

झ) शिक्षणमा शिक्षकले निर्वाह गर्नुपर्ने भूमिका एवम् उत्तरदायित्वको पहिचान गर्न,

ञ) सम्बन्धित तह र विषयको पाठ्यक्रम र पाठ्यपुस्तक अध्ययन गरी विश्लेषण गर्न,

ट) प्रश्नपत्रको निर्माण गरी परीक्षा सञ्चालन र विश्लेषण गर्न,

ठ) अतिरिक्त क्रियाकलाप र समग्र अध्ययन प्रतिवेदन लेखनका लागि अभ्यास गरी सो लेख्न सक्षम बनाउन,

ड) विद्यालयमा बनाइने विभिन्न शैक्षणिक योजनाहरू तयार पार्न ।

## शिक्षण अभ्यास पाठ्यांश परिचय

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायका क्याम्पसहरूमा सञ्चालित १ वर्षे, ३ वर्षे वी.एड. र २ वर्षे एम.एड. हुँदै हाल वी.एड.लाई चार वर्षे र एम.एड. लाई सेमेष्टर प्रणालीमा लगे पश्चात शिक्षालाई समय सापेक्ष बनाउदै लैजानका लागि कक्षा शिक्षणमा आउन सक्ने विभिन्न समस्याहरूलाई निराकरण गरी शिक्षकको पेशागत गुणको विकास गरी पेशालाई गुणस्तरीय र मर्यादित बनाउने दृष्टिकोणले शिक्षण अभ्यास एक महत्त्वपूर्ण पाठ्यांशको रुपमा विकास गरिएको छ। डीनको कार्यालयले तोकेको नियमानुसार वी.एड. मा शिक्षण अभ्यासमा समावेश हुन आवश्यक सर्तहरू पूरा गरे पश्चात शिक्षण अभ्यास विभागको सिफारिसमा तोकिएको विद्यालय/क्याम्पसहरूमा शिक्षण अभ्यासमा संलग्न हुन अनुमति दिइन्छ। स्नातक तह, वी.एड.मा शिक्षण अभ्यासको निर्धारित पाठ्यांश अनुसार निम्नानुसार कार्य, घण्टी, पूर्णाङ्क, उत्तीर्णाङ्क तोकिएको छ।

| क्र.सं. | कार्य विवरण | घण्टी/पिरियड | पूर्णाङ्क | उत्तीर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | पाठ्यभार | १५० | १०० | ४० | |
| २ | सूक्ष्म शिक्षण | २४ | १५ | ६ | आन्तरिक |
| ३ | सहपाठी शिक्षण | ४० | २० | ८ | आन्तरिक |
| ४ | विद्यालय शिक्षण | २० | २० | ८ | आन्तरिक |
| ५ | सहयोगी विद्यालय | - | ५ | २ | सहयोगी विद्यालय |
| ६ | बाह्य परीक्षक परीक्षण | - | ४० | १६ | बाह्य |

## शिक्षण अभ्यास विभागका सदस्यहरू

यस क्याम्पसमा निम्नानुसारको शिक्षण अभ्यास विभाग रहेको छः

विभागीय प्रमुख – श्री विशाल कार्की (अङ्ग्रेजी शिक्षा)
विभागीय सदस्य – श्री निधिरत्न न्यौपाने (नेपाली)
विभागीय सदस्य – श्री गणेश विमली (जनसंख्या अध्ययन)
विभागीय सदस्य – श्री योगेश काफ्ले (नेपाली शिक्षा)
विभागीय सदस्य – श्री नवराज ओली (अङ्ग्रेजी शिक्षा)

## शिक्षण अभ्यास विभागका प्रमुख कार्यहरू

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयले जारी गरेको शिक्षण अभ्याससम्बन्धी नयाँ निर्देशिका अनुसार शैक्षिक वर्ष २०७९/८० को लागि स्नातक तह चौथो वर्षको अभ्यास शिक्षणसम्बन्धी वार्षिक कार्यसूची शिक्षण अभ्यास विभाग, सम्बन्धित विषय शिक्षकको संयुक्त सहभागितामा निर्माण गरी लागुगर्ने निर्णयानुसार सो कार्ययोजना अनुसार तपशिल बमोजिम शिक्षण अभ्यासका सम्पूर्ण कार्यहरू सम्पन्न गरिएको थियो।

| **शैक्षणिक योजना निर्माण** | | **सूक्ष्म शिक्षण** | |
|---|---|---|---|
| देखि | सम्म | देखि | सम्म |
| २०७८।८।२२ | २०७८।९।१४ | २०७९।२।२४ | २०७९।३।३१ |
| **सहपाठी शिक्षण** | | **विद्यालय शिक्षण** | |
| देखि | सम्म | देखि | सम्म |
| २०७९।४।१६ | २०७९।८।२१ | २०७९।११।१० | २०७९।११।३० |

- शिक्षण अभ्याससँग सम्बन्धित कार्यहरू एवम् कार्यतालिकाको निर्माण र कार्यान्वयनको बारेमा नियमित बैठक तथा छलफल गरिएको।
- शिक्षण अभ्यासमा संलग्न हुने सबै विद्यार्थीहरू र यस विभागका सदस्यहरूको उपस्थितिमा २०७९ जेठ २० देखि २३ गते सम्म सूक्ष्म शिक्षणको अभिमुखीकरण र २०७९ साउन १३ देखि १५ सम्म सहपाठी शिक्षण र विद्यालय शिक्षणको अभिमुखीकरण कार्यक्रम श्रव्यदृष्य साधन/पावरपोईन्टको प्रयोग गरि सम्पन्न गरिएको।
- विभागसँग सम्बन्धित प्राध्यापक तथा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूसँग भेटघाट, छलफल तथा अन्तरक्रिया गरिएको।
- प्रभावकारी कक्षा निरीक्षण तथा अनुगमन गरिएको।
- विद्यालय शिक्षणको लागि सहयोगी विद्यालय छनोट, बाह्य सुपरिवेक्षक नियुक्ती लगायतमा क्याम्पस प्रशासनलाई सहजीकरण गरिएको।

## सबल पक्षहरू

- शैक्षणिक योजना निर्माण गर्न सिकाउदा वास्तविक फारम सामग्रीहरू नै खरिद गरेर अभ्यास गराउने गरिएको।
- शैक्षणिक योजना निर्माणमा प्रयोगात्मक विधि प्रयोग गर्ने गरिएको।
- सम्बन्धित विषयमा दक्ष, कुशल र अनुभवी प्राध्यापकद्वारा कार्यक्रम सञ्चालन गर्ने गरिएको।
- विभागका सदस्यहरूबीच आपसी सरसल्लाह तथा सहयोगमा कार्यक्रम सञ्चालन गरिएको।
- जिम्मेवारी र उत्तरदायित्त्व बोध गरि सामूहिक नेतृत्त्व प्रणालीको अवधारणा अपनाईएको।
- हरेक विषयसँग सम्बन्धित आवश्यक सामग्रीको यथेष्ट व्यवस्थापन गरिएको।
- प्राध्यापक विद्यार्थी एवम् सहयोगी विद्यालयसँग सुमधुर सम्बन्ध स्थापना गर्ने गरिएको।
- छिटो, छरितो रुपमा कार्यक्रम सञ्चालन र समापन गर्ने गरिएको।
- कुशल शिक्षकका अतिरिक्त शैक्षिक प्रशासक बनाउने पाठ्यांश लागु भएको।

## विभागका मुख्य समस्या र चुनौतीहरू

- विद्यार्थी संख्या कम भएकोले सुक्ष्म र सहपाठी शिक्षणको क्रममा पर्याप्त अभ्यास गराउन नसकिनु।
- विद्यार्थीहरूले अभ्यास शिक्षणको आवश्यकता बुझ्न नसक्नु,
- शिक्षण अभ्यास कार्यक्रम सञ्चालन भइरहँदा कतिपय विद्यार्थीहरू सम्पर्कमै नआउनु,
- विद्यार्थीहरूका व्यक्तिगत कारणले उनीहरूलाई नियमित रुपमा कार्यक्रममा संलग्न गराउन नसकिनु,
- शिक्षाशास्त्र डीन कार्यालयको अस्पष्ट निर्देशन तथा ढिला सुस्तीले गर्दा तोकिएको समयमै कार्यक्रम समापन गर्न कठिन हुनु,
- विद्यालयले छात्र शिक्षकहरूलाई उपयुक्त जिम्मेवारी दिन नखोज्नु तथा छात्र शिक्षकहरूले पनि जिम्मेवारी लिन नचाहनु,
- आन्तरिक सुपरीवेक्षकहरूलाई पुनर्ताजगी तालिमको व्यवस्था नगरिँदा शिक्षण अभ्यास सम्बन्धी पर्याप्त प्राविधिक ज्ञानको अभाव भएपनि कार्यक्रम सञ्चालन गर्नैपर्ने बाध्यता हुनु।

## शिक्षण अभ्यास कार्यक्रम सम्बन्धमा क्याम्पस प्रशासनलाई सुझाव

- विभाग तथा छात्र शिक्षकहरूलाई आवश्यक पर्ने सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध गराउनुपर्ने,
- क्याम्पस र विभागबीच नियमित रुपमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- आन्तरिक सुपरिवेक्षकलाई प्रोत्साहित गर्न पारिश्रमिकको थप व्यवस्था गरी अन्य सुविधाहरू पनि उपलब्ध गराउनुपर्ने,
- समग्र शिक्षण अभ्यास कार्यक्रमको नियमित रुपमा अनुगमन गरेर सरसल्लाह दिनुपर्ने,
- अभ्यास शिक्षणमा संलग्न भएका विद्यार्थीहरूमध्ये उत्कृष्ट (पढाइमा समेत) विद्यार्थीहरूलाई पुरस्कृत गरिनुपर्ने तथा रोजगारीका निम्ति आवश्यक सहयोग गर्नुपर्ने,
- नियमित कामकै समयभित्र अभ्यास शिक्षण कार्यक्रम संलग्न हुनुपर्ने हुँदा आन्तरिक सुपरीवेक्षकलाई आवश्यक समय प्रदान गर्न सबै पक्षको व्यवस्था गर्नुपर्ने,

- अभ्यास शिक्षण कार्यक्रमसँग सम्बन्धित प्राध्यापकहरूलाई समय समयमा पुनर्ताजगी तालिम, कार्यशालाहरूको व्यवस्थापन गर्नुपर्ने ।

**आगामी कार्यक्रमहरू**

- अभ्यास शिक्षणलाई अझ बढी व्यवस्थित, प्रभावकारी फलदायीमूलक बनाउन आवश्यक छलफल गरी कार्य गर्ने,
- आन्तरिक सुपरीवेक्षकहरूलाई विशेषज्ञमार्फत प्रविधिमैत्री पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालय शिक्षणमा छात्र शिक्षकहरू पठाउनुपूर्व शिक्षण अभ्यासलाई प्रभावकारी बनाउनका लागि सेवा क्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापकहरू, विद्यालय सुपरिवेक्षक र क्याम्पसबीच अन्तरक्रिया कार्यक्रम गर्ने,
- समय समयमा सूक्ष्म शिक्षण, समूह शिक्षणका कक्षाहरू वास्तविक कक्षामै अनिवार्य सञ्चालन गर्न हरेक विषय शिक्षकलाई प्रोत्साहन गर्ने,
- शिक्षण अभ्यास कार्यक्रमलाई अनुशासित, व्यवस्थित मर्यादित र उपलब्धिमूलक बनाउन नयाँ प्रविधि/सामग्रीहरूको व्यवस्था गर्ने ।
- प्रत्येक वर्षको शिक्षण अभ्यास कार्यक्रम सम्पन्न भए पश्चात समग्र शिक्षण अभ्यासमा देखिएका चुनौती र समस्याहरू पत्ता लगाई आगामी कार्यक्रममा सुधार गर्नका लागि सहभागी सुपरीवेक्षकहरू बीचमा समीक्षात्मक बैठक सम्पन्न गर्ने ।
- शिक्षण अभ्यास सञ्चालन गर्दा लाग्ने शुल्कको बीचमा क्याम्पस प्रशासन, लेखाशाखा एवम् विभाग बीचमा छलफल गरी उपयुक्त शिक्षण अभ्यास शुल्क निर्धारण गर्ने ।

**अभ्यास शिक्षणमा सहभागी विद्यार्थीहरू २०७९/२०८० (वी.एड. चौथो वर्ष)**

| क्र.सं. | छात्रशिक्षकको नाम | विषय | विषयगत संख्या |
|---|---|---|---|
| १ | मिलनकुमार सिटौला | जनसंख्या शिक्षा | ४ |
| २ | एलिसा कन्दङ्वा | जनसंख्या शिक्षा | |
| ३ | पूजा नेपाल | जनसंख्या शिक्षा | |
| ४ | प्रियङ्का उप्रेती | जनसंख्या शिक्षा | |
| ५ | पुनम कन्दङ्वा | अंग्रेजी शिक्षा | ४ |
| ६ | राजकुमार गहते | अंग्रेजी शिक्षा | |
| ७ | सेनुका ओली | अंग्रेजी शिक्षा | |
| ८ | सपना इङ्नाम | अंग्रेजी शिक्षा | |
| ९ | तुलसा अधिकारी | नेपाली शिक्षा | ६ |
| १० | यशोदा पौडेल | नेपाली शिक्षा | |
| ११ | रञ्जना आङ्देम्बे | नेपाली शिक्षा | |
| १२ | फारस बाँस्कोटा | नेपाली शिक्षा | |
| १३ | गोमादेवी तामाङ | नेपाली शिक्षा | |
| १४ | कञ्चन माङ्मु | नेपाली शिक्षा | |

**निष्कर्ष**

शिक्षाशास्त्र सङ्कायको महत्त्वपूर्ण मध्येको एक अभ्यास शिक्षण कार्यक्रमलाई व्यवस्थित, अनुशासित, मर्यादित एवम् प्रभावकारी बनाउनु यस शिक्षण अभ्यास विभागको जिम्मेवारी र दायित्त्व हो। सोही जिम्मेवारी तथा दायित्त्वलाई सफल रुपमा पूरा गर्न विभागले गठनको सुरुवातदेखि नै ठोस योजना बनाएर आफ्ना कार्यक्रमहरू निकै प्रभावकारी रुपमा सञ्चालन गर्दै आइरहेको छ। त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीहरूले सैद्धान्तिक ज्ञान, सिप र धारणा आर्जन गरे पश्चात प्राप्त ज्ञान र धारणालाई शिक्षण अभ्यास मार्फत व्यवहारमा उतार्न यस विभागले सहजीकरण र प्रोत्साहन गर्ने गरेको छ। जसबाट छात्रशिक्षकहरूले आफ्नो व्यवसायिक पेशामा दक्षता, निपूर्णता र निरन्तरता ल्याउन सक्षम भएको छन भन्ने विश्वास गर्न सकिन्छ। यस क्याम्पसमा सञ्चालित वी.एड. चौथो वर्ष र एकवर्षे वी.एड. को शिक्षण अभ्यास कार्यक्रमलाई आगामी दिनमा समयानुकूल परिवर्तन र परिमार्जन गर्दै विकसित प्रविधि प्रयोग गरी अझ प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्दै जाने लक्ष्य शिक्षण अभ्यास विभागले लिएको छ।

◆◆◆

# Terhathum M. Campus

# Department of English Annual Report 2079/80

**-Manoj Kumar Choudhary, HOD**
**Department of English**

## Introduction

English, as a widely spoken international language, holds immense significance, leading to its inclusion as a compulsory subject in B.A. and B.Ed curriculam. Additionally, students have the option to choose Major English, which paves the way for a promising future in either field of study. The responsibility of educators is to impart knowledge and skills in English with honesty and dedication, acknowledging the language's pivotal role in global communication and academic pursuits.

The decision to mandate English as a compulsory subject stems from its status as a lingua franca, facilitating cross-cultural communication and creating a level playing field for individuals from diverse linguistic backgrounds. Emphasizing English proficiency at the tertiary level opens doors to a plethora of academic, professional, and personal opportunities, enabling students to engage effectively in the globalized world.

Furthermore, offering Major English as an elective enables students to delve deeper into the language's intricacies, including literature, linguistics, and other relevant disciplines. This specialization not only enhances their language proficiency but also equips them with critical thinking and analytical skills essential for success in various fields.

Success in mastering English, like any other skill, demands hard work and perseverance from students. By dedicating themselves to consistent practice, active participation, and continuous learning, they can achieve their goals and make the most of the opportunities offered by proficiency in this global language.

## Faculty Members of the Department

There are only three teachers in the Department of English for both the faculties-Education and HSS.

| S.N | Name | Designation | Qualification |
|---|---|---|---|
| 1 | Manoj Kumar Choudhary, HOD | Associate Professor | M.A. |
| 2 | Bishal Karki, Member | Teaching Assistant | M.Ed. |
| 3 | Nabaraj Oli, Member | Teacher | M.Ed. |

## Academic Programmes

There are two faculties being run for the Bachelor Levels-Faculty of Humanities and Social Sciences and Faculty of Education in our campus.

## Major Activities

We organized the several staff meetings in the Department of English for the betterment of the students learning. There have been various competitive programmes such as essay competition, debate, oratorical programmes, class presentation, internal examination etc. during 2079/80 B.S.

## Strengths

The academic institution fosters a collaborative atmosphere among teachers, promoting coordination in various educational activities. The pleasant natural surroundings create a conducive environment for learning. The faculty comprises a dynamic team of young, energetic, and professionally committed educators who possess a vision for the future and extensive experience in their respective fields. Their sense of responsibility towards the students' growth and development enhances the overall learning experience.

## Weaknesses

The academic institution faces challenges concerning the absence of modern technical teaching materials and an inadequate collection of reference books, textbooks, and teaching resources in the library. Additionally, the lack of an e-library facility further hinders access to digital learning resources. Moreover, the Faculty of Humanities experiences low student enrollment, indicating a need to attract more students to this area of study. Addressing these issues and implementing measures to enhance the availability of resources and technological infrastructure can significantly improve the quality of education and academic opportunities for both students and faculty.

## Opportunities

The presence of several feeder schools in the vicinity provides an opportunity to boost student enrollment rates. These feeder schools can serve as potential sources of new students, contributing to the overall growth of the institution. Additionally, the aesthetically pleasing and conducive learning environment further enhances the appeal of the academic institution, attracting prospective students and their families. By leveraging the network of feeder schools and promoting the school's attractive ambiance, the institution can actively work towards increasing student enrollment and fostering a vibrant and thriving educational community.

## Threats

Our primary emphasis should be on encouraging increased student engagement in studies and research activities. During the academic year 2079-80, there were frequent transfers of experienced teachers within the Department of English, potentially affecting the continuity of education. Additionally, there appears to be inconsistency in the number of students opting for specialization subjects. Addressing these issues necessitates enhancing student involvement and interest in self-directed learning. By fostering a supportive learning environment and addressing the concerns related to teacher transfers and subject preferences, we can promote a more conducive and fruitful educational experience for students. Active participation from students' side in their own learning journey will further contribute to their academic growth and overall development.

## Future Plan

- Arrange extra classes for weak students to provide additional support.
- Organize interaction programs among students to foster collaboration and communication.
- Plan educational and research-oriented trips to enhance practical learning experiences.
- Ensure the management of a sufficient collection of books in the library to aid academic pursuits.
- Recruit qualified English education teachers to enhance the quality of instruction.
- Facilitate guest lectures by experts to provide valuable insights and knowledge to students.

## Conclusion

In conclusion, recognizing English's status as an international language has led to its incorporation as a Compulsory English subject in B.A. and B.Ed programs. Additionally, Major English stands as a viable option for students seeking to excel in their chosen disciplines. As educators, it is our responsibility to impart English education with dedication and honesty, while students' commitment and hard work will ultimately pave the way for their success and fulfillment of aspirations.

◆◆◆

# त्रिवि प्राध्यापक संघ क्याम्पस एकाइ समितिः संक्षिप्त गतिविधि

गणेश विमली
सभापति, त्रि.वि.प्राध्यापक संघ,
क्याम्पस एकाइ समिति

त्रि.वि.प्राध्यापक संघ त्रि.वि. मा कार्यरत सम्पूर्ण प्राध्यापकहरूको हक, हितको संरक्षण तथा प्राज्ञिक उन्नयनमा योगदान पुऱ्याउने उद्धेश्यले वि.सं. २०५८ मा स्थापना भएको संस्था हो । त्रि.वि. का प्राध्यापकहरूको आधिकारिक पेशागत संगठनका रूपमा कार्य गर्ने क्रममा यस क्याम्पस एकाइ समितिले वि .सं.२०३७ सालबाट प्राध्यापकहरूको हक, हित तथा प्राज्ञिक उन्नयनका गतिविधिहरूलाई निरन्तरता दिदैं आइरहेकोछ ।

## Research, Documentation and Publication of (TUTA) TMC:

| S.N. | Publication | Years (B.S.) | Issue | Publisher |
|---|---|---|---|---|
| 1 | Prayas | 2017 | 1 | Birendra Inter-Collage, Chuhandanda, Terhathum |
| 2 | Pranayan (Smarika) | 2055 | 1 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 3 | Pranayan (Yearly) | 2056 | 2 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 4 | Pranayan (Yearly) | 2059 | 3 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 5 | Pranayan (Yearly) | 2070 | 4 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee,TMC. |
| 6 | Pranayan (Yearly) | 2074 | 5 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 7 | Pranayan (Yearly) | 2079 | 6 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |

### Name and elected year of Presidents of (TUTA)

| S.N. | Nane of Presidents | Elected year |
|---|---|---|
| 1 | Basantakaji Budhathoki | 2037 |
| 2 | Basantakaji Budhathoki | 2040 |
| 3 | Basantakaji Budhathoki | 2041 |
| 4 | Basantakaji Budhathoki | 2044 |
| 5 | Basantakaji Budhathoki | 2046 |
| 6 | Damodar Dhakal | 2048 |

| | | |
|---|---|---|
| 7 | Damodar Dhakal | 2050 |
| 8 | CholaRaj Dahal | 2053 |
| 9 | ShailendrNarayan Mallik | 2054 |
| 10 | ShailendrNarayan Mallik | 2056 |
| 11 | Dipak Raj Upraty | 2060 |
| 12 | Dipak Raj Upraty | 2063 |
| 13 | Bishal Karki | 2068 |
| 14 | Gobinda Kumar Subedi | 2071 |
| 15 | Dharma Raj Gautam | 2075 |
| 16 | Ganesh Bimali | 2079 |

**Current Working Committee of (TUTA)**

| **S.N.** | **Name of Committee Member** | **Position** |
|---|---|---|
| 1 | Ganesh Bimali | President |
| 2 | Manoj Kumar Chaudhary | Vice- President |
| 3 | Nidhi Ratna Neupane | Secretary |
| 4 | Som Nath Ghimire | Treasurer |
| 5 | Lokendra Sitaula | Member |
| 6 | Ishowari Prasad Dangi | Member |

## प्राध्यापकहरूको हक, हितका लागि भएका पहलहरू:

- अनुसन्धान पद्धति सम्बन्धी गोष्ठी, तालिम सञ्चालन
- कार्यालय व्यवस्थापन, विभिन्न नियुक्तिहरू, तलबभत्ता, आदि विषयहरू समेटी प्रशासन समक्ष आवश्यक पहलकदमी, ध्यानाकर्षण
- नेपालीको महान चाड दशै, तिहार तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरिदै आएको
- करार शिक्षकहरूको पेशालाई स्थायी, सुरक्षित, मर्यादित बनाउन  दबाब दिन केन्द्रको निर्देशानुसार काम गरेको।
- क्याम्पसमा कार्यरत प्राध्यापकहरूद्वारा क्याम्पसमा अध्ययनरत विद्याथीहरूलाई स्वर्ण महोत्सव छात्रवृत्ति कोष स्थापना गरी प्रत्येक वर्ष प्रदान गर्ने गरिएको
- नियमित रुपमा प्रणयन जर्नल प्रकाशन गरिएको।

◆◆◆

# Appendices:

## Annex-I

## List of Campus Management Committee and Campus Executive Committee

### List of Campus Management Committee

| S.N. | Ex-Officio | Name | Post |
|---|---|---|---|
| 1 | Campus Chief | Posta Raj Lamichhane | Chairperson |
| 2 | Ass. Campus Chief | Dipak Raj Uprety | Secretary Member |
| 3 | Head of the Department | Jiban Poudel | Member |
| 4 | Head of the Department | | Member |
| 5 | Head of the Department | | Member |
| 6 | Educationist Representative | Ramchandra Thapaliya | Member |
| 7 | Donor Representative | Bhisma Thapaliya | Member |
| 8 | Guardian Representative | Dil Bahadur Kandangwa | Member |
| 9 | Guardian Representative | Tank Prasad Oli | Member |
| 10 | Teachers Representative | Som Nath Ghimire | Member |
| 11 | Teachers Representative | | Member |
| 12 | Chair of Ward No. 6, Aathrai R.M. | Krishna P. Baskota | Member |
| 13 | TUTA President | Ganesh Bimali | Member |
| 14 | TUEA President | Mahendra Katuwal | Member |
| 15 | FSU Chairman | Tara P. Dahal | Member |
| 16 | Administration Section | Narad Angbuhang | Member |
| 17 | Account Section | Laxmi Prasad Twari | Member |

### List of Campus Executive Committee

| S.N. | Ex-Officio | Name | Post |
|---|---|---|---|
| 1 | Campus Chief | Posta Raj Lamichhane | Chair Person |
| 2 | Head of the Department | Jiban Paudel | Member |
| 3 | Teacher Representative | Som Nath Ghimire | Member |
| 4 | Teacher Representative | Chakra Pani Bhattarai | Member |
| 5 | Ass. Campus Chief | Dipak Raj Uprety | Member Secretary |

# Annex-II

## Physical Infrastructure of TMC

| S.N. | Name of Building | Est.Date | Donors/ Constructers |
|---|---|---|---|
| 1 | Main Teaching Building (2-flats-12 rooms) | 2028 B.S. | GON, Education Ministry (Rs.30,000) and Public participation |
| 2 | Boys Hostel (2-Flats-8 Rooms) and kitchen house | 2041 B.S. | Jilla Panchayat Terhathum. |
| 3 | Teachers' Residence(2-Rooms) | 2042 B.S. | Jilla Panchayat Terhathum and Tribhuvan University |
| 4 | Administrative Building | 2048 B.S. | Internal Sources TMC and Students Participation |
| 5 | *Bhanulal/Harilal* Memorial Library (2 Room) | 2048 B.S. | Sitaram Prasain |
| 6 | *Medini / Teeka Uprety* Memorial Girls Hostel (2 flat-8 room) and kitchen house | 2049 B.S. | Laxmi Prasad Uprety, his brother and sons |
| 7 | Teacher Administrative Staff Residence (4 Building-3/3 Room) | 2049 B.S. | Internal Sources of TMC and public participation |
| 8 | Guest House (2 Room) | 2049 B.S. | TUTA and TUPA, campus committee |
| 9 | Saraswati Temple | 2049 B.S. | Bhagirath Kafle and his sons |
| 10 | Free Student Union Office Building (2 rooms) | 2050 B.S. | Students of Terhathum Multiple Campus |
| 11s | Generator Room (Now teacher residence (2-rooms) | 2050 B. S. | Internal Source of TMC and student's participation |
| 12 | *Padam Lal Thapaliya* Memorial (Teaching Building (2 Room) | 2055 B.S. | Bhanu Prasad Thapaliya |
| 13 | Program Stage and Dressing Room | 2053 B.S. | Students of Terhathum M. Campus |
| 14 | Teachers Residence (5 Rooms) | 2054 B.S. | Internal sources of TMC and TU |
| 15 | Teaching Block (2 Rooms) | 2057 B.S. | Shree Sharada Higher Secondary School, help-DDC, Terhathum |
| 16 | Program Hall | 2057 B.S. | Students of TMC |
| 17 | *Ganga Prasad Dhungana* Memorial 2060 B.S. Entrance Gate | 2060 B.S. | Govinda Dhungana |

| | | | |
|---|---|---|---|
| 18 | *Dhan Prasad Kandangwa* Memorial Entrance Gate | 2060 B.S. | Dipendra and Om Kandangwa |
| 19 | Sontosh kumari and Dhanraj Pahim Memorial watchman Building (2 room) | 2060 B.S. | Ratna Bahadur Pahim and his sons |
| 20 | *Ratna Bahadur Dangi* Memorial Teachers.Residence Building (2 Rooms) | 2062 B.S. | Nara Maya Dangi, her sons and daughters |
| 21 | *Pratikshayalaya* | 2062 B.S. | Internal Sources of TMC |
| 22 | *Bhim Bahadur Limbu* Memorial *Pratikshayalaya* | 2063 B.S. | Dil Kumari Limbu and Bhim Bahadur Limbus Brother |
| 23 | *Bhaktaraj Kandangwa* Memorial Library (4 Room) | 2066 B.S. | Government of Nepal |
| 24 | *Pratikshayalaya* | 2068 B.S. | Manahari Siwa |
| 25 | *Canteen* | 2068 B.S. | University Grants Commission/TMC |
| 26 | Seminar Hall | 2068 B.S. | University Grants Commission/TMC |
| 27 | Teacher Residence (4 rooms) | 2068 B.S. | University Grants Commission/TMC |
| 28 | *Pratikshayalaya* | 2068 B.S. | University Grants Commission/TMC |

# Annex-III

## Programs/Academic Development Trends:

| S.N. | Year B.S. | Faculty | Level | Specialization Subject |
|---|---|---|---|---|
| 1 | 2017 | Humanities (At that time, run as Birendra Inter-Collage) | PCL | English, Nepali, History, Sanskrit and Civics |
| 2 | 2030 | Collapsed in Dhankuta Multiple Campus, Dhankuta | | |
| 3 | 2035 | Re-established as the Name of Terhathum Campus: Education | A' Level and 'B' Level | Primary Teacher Training |
| 4 | 2037 | Humanities | PCL | Nepali, History, Political Science, Economics, and English, Population Studies, Mathematics were later added |
| 5 | 2046 | Humanities | Bachelor | Nepali, History, Political Science, Economics, and English, Population Studies, Mathematics were later added |
| 6 | 2060/61 | Education (One Year B.Ed.) | Bachelors | Nepali Education English Education, Mathematics, Education and Population Education |
| 7 | 2063 | ion (Three Year B.Ed.) | Bachelors | Nepali Education English Education, Mathematics, Education and Population Education |
| 8 | 2065/66 | Humanities | Master Degree | Population Studies |

## Annex-IV

## Income and expenditure details of campus (FY 2079/080)

(तेह्रथुम बहुमुखी क्याम्पसको २०७९/०८० सालको आम्दानी तथा खर्चको विवरण)

| क्र.स. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| क | **आम्दानी** | | |
| १ | विद्यार्थी आम्दानी | १,०८२,२३५.०० | |
| २ | अन्य आम्दानी | १८६,६६३.८२ | |
| ३ | निकासा | १६,८३४,४००.०० | |
| ख | **खर्च** | | |
| १ | पुजिगत खर्च | ७६०,५१७.०० | |
| २ | जम्मा संचालन खर्च | २१,५४७,४४२.४२ | |
| | तलव शिक्षण | ११,८६२,२५८.०० | |
| | अतिरिक्त तलव शिक्षण | ६४३,६९०.०० | |
| | तलव प्रशासन | ४,४०७,१४७.०० | |
| | पेश्की बाकी | ११,३३६.२९ | |
| ग | **बैक मौज्दात** | | |
| १ | ने.बै.ली. चल्ती | २३,००८,३५१.०३ | |
| २ | कृ.बि.बै.ली. चल्ती | ८७१,०९३.६३ | |
| ३ | मुद्धति | २,४०१,२५१.०० | |
| | | २६,२८०,६९५.६६ | |
| ३ | **धरौटी** | | |
| १ | विद्यार्थी धरौटी | २२२,७७४.०० | |
| २ | दिनुपर्ने तलव | ४७,८७२.८९ | |
| ३ | अन्य दायित्व | २२,१३८,३००.३१ | |
| | | २२,४०८,९४७.२० | |

## Annex-V

# Schoalrships Provided from the Campus:

In the Campus, apart from the schoaLrships provided by T.U., many schoalrships are provided to the competent, *Dalit* and *Janajati* students. The following table shows the detail about schoaLrships and their donors:

| S.N. | *Scholarships name* | Total fund (in Rs.) | Estd. year B.S. | Donor of Scholarships |
|---|---|---|---|---|
| 1 | Bishnu Maya Thapaliya Scholarship Fund | 50000 | 2044 /2079 | Bhanu Prasad Thapaliya Son Dr. Roshan Thapaliya |
| 2 | Meharman Scholarship Fund | 25000 | 2052 | Kul Bahadur Khadka |
| 3 | Laxmi-Tara Scholarship Fund | 100000 | 2063 | Late Laxmi Prasad Upreti<br>Late Tara Upreti |
| 4 | Swarna Mahotsab Scholarship Fund | 100000 | 2068 | All the Lecturers of TMC (23) |
| 5 | Golden Jubilee Scholarship Fund | 50000 | 2068 | All the Administrative staff of TMC (2068) |
| 6 | Ganga-Geha Scholarship Fund | 61000 | 2068 | Purusottam Mishra and Shastika Mishra |
| 7 | Bhakta Raj Samyak Scholarship Fund | 50000 | 2068 | Bhakta Raj Samyak |
| 8 | Ganga Bahadur Aacharya Memorial Fund | 50000 | 2068 | Gauri Prasad Aacharya and his ten brothers |
| 9 | Devaka Thapaliya Memorial Scholarship Fund | 50000 | 2068 | Narendra and Bharat Thapaliya |
| 10 | Puspalila Memorial Memorial Scholarship | 10,1000 | 2068 | Chhabilal Thapiliya and his sons |
| 11 | Ganga Maya Dangi oli Memorial Scholarship | 200000 | 2076 | Yogya Prasad Oli |
| 12 | Bhanu Prasad Thapaliya Memorial Scholarship Fund | 50000 | 2079 | Bhanu Prasad Thapaliya son Dr. Roshan Thapaliya |
| 13 | Bhuwan Mahani Thapaliya Memorial Scholarship | 50000 | 2079 | Bhanu Prasad Thapaliya son Dr. Roshan Thapaliya |

| | | | | |
|---|---|---|---|---|
| 14 | Lok Nath Thapaliya Memorial Scholarship Fund | 50000 | 2076 | Narendra and Bharat Thapaliya |
| 15 | Haricharan Memorial Scholarship | 50100 | | Laxmi Devi and Mana Maya Sitaula |
| 16 | Bhola Nath Memorial Scholarship Fund | 25000 | | Dili Ram Sitaula |
| 17 | Krishna Pakuwal Fund | 7000 | 2068 | Krishna Pakuwal |
| 18 | Dharani Dhar Neupane Memorial Scholarship Fund | 150000 | 2079 | Son and daughter of Dharani Dhar Neupane |
| 19 | Sherpa Kaila Memorial Scholarship Fund | 50000 | 2071 | Laxmi, Tara Upreti |
| 20 | Sitadevi Memorial Scholarship Fund | 50000 | | Ramchandra Mainaly |


## Annex-VI

# Student Enrollment Details:

| S.N | Faculty | Level | Year/Semester | 2078/79 | 2079/80 | Admission Year 2080/81 |
|---|---|---|---|---|---|---|
| 1 | Humanities | B A | First | 26 | 6 | |
| | | B A | Second | 6 | 24 | |
| | | B A | Third | 5 | 4 | |
| | | B A | Forth | - | | |
| | | M A | 1StSemester | 15 | 11 | |
| | | M A | 2ndSemester | | | |
| | | M A | 3rdSemester | 12 | 2 | |
| | | M A | 4thSemester | | | |
| 2 | Education | B. Ed. | First | 94 | 73 | |
| | | B. Ed. | Second | 26 | 41 | |
| | | B. Ed. | Third | 17 | 27 | |
| | | B. Ed. | Forth | 14 | 17 | |
| | | One Year B. Ed. | | 9 | - | |
| Total | | | | 224 | 205 | |

## Annex-VII

# Organizational Chart of the Campus



# Annex-VII

## Details of Teaching Staff

| S.N. | Name | Designation | Teaching Subject |
|---|---|---|---|
| 1 | Posta Raj Lamichhane | Campus Chief | Management |
| 2 | Dipak Raj Uprety | Ass. Campus Chief | Economics |
| 3 | Lokendra Sitoula | Student Welfare Chief | Poltical Science |
| 4 | Manoj Kumar Chaudari | Reader | English |
| 5 | Nidhi Ratna Neupane | Teaching Assistant | Nepali |
| 6 | Ishwori Prasad Dangi | Teaching Assistant | Economics |
| 7 | Bishal Karki | Teaching Assistant | English Education |
| 8 | Punya Prasad Siwakoti | Teaching Assistant | Population Studies |
| 9 | Chakra Pani Bhattarai | Teaching Assistant | Population Studies |
| 10 | Dharma Raj Gautam | Teaching Assistant | Nepali |
| 11 | Jiban Paudel | Teaching Assistant | Population Studies |
| 12 | Govinda Kumar Subedi | Teaching Assistant | Poltical Science |
| 13 | Ganesh Bimali | Teaching Assistant | Population Studies |
| 14 | Som Nath Ghimire | Teaching Assistant | Nepali |
| 15 | Yogesh Kafle | Teaching Assistant | Nepali Education |
| 16 | Purna Kumari Roka | Teaching Assistant | Nepali |
| 17 | Nabaraj Oli | Teaching Assistant | English Education |

## Details of Administrative Staff

| S.N. | Name | Designation |
|---|---|---|
| 1 | Ambika Devi Chudal | Head Office Assistant |
| 2 | Narad Angbuhang | Head Office Assistant |
| 3 | Laxmi Prasad Tiwari | Account Assistant |
| 4 | Nirmala Devi Limbu | Assistant Store Keeper |
| 5 | Mahendra Thapaliya | Office Assistant |
| 6 | Mahendra Katuwal | Office Attendant |
| 7 | Dharma Raj Acharya | Office Attendant |
| 8 | Tulasha Katuwal | Office Attendant |

# Annex-VIII

## List of Different Committees Related to QAA process

### Internal Quality Assurance Cell (IQAC)

| **S.N.** | **Name** | **Designation** |
|---|---|---|
| 1 | Bishal Karki | Coordinator |
| 2 | Nidhi Ratna Neupane | Member |
| 3 | Gobinda Kumar Subedi | Member |
| 4 | Chakrapani Bhattarai | Member |
| 5 | Ganesh Bimali | Member |
| 6 | Narad Angbuhang | Member |
| 7 | Tara Prasad Dahal | Member |

### Integrated Education Management Information System (IEMIS)

| **S.N.** | **Name** | **Designation** |
|---|---|---|
| 1 | Somnath Ghimire | Coordinator |
| 2 | Yogesh Kafle | Member |
| 3 | Narad Angbuhang | Member |

### Student Welfare Management committee

| **S.N.** | **Name** | **Designation** |
|---|---|---|
| 1 | Postaraj Lamichhane | Head (Campus Chief) |
| 2 | Dharmaraj Gautam | Member |
| 3 | Narad Angbuhang | Member |
| 4 | Tara Prasad Dahal | Member |
| 5 | Lokendra Sitaula | Member Secretary |